# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

## एकडारा गाउँपालिका
## महोत्तरी




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश २ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७६।७७
च.नं. २२७

मिति : २०७७।३।३१

श्री अध्यक्ष ज्यू,
एकडारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, महोत्तरी ।

विषय: लेखापरीक्षण प्रतिवेदन

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायब महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गत

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः२०७६।०७७
च.नं २२७

मितिः २०७७।३।३१

श्री अध्यक्ष ज्यू,
एकडारा गाउँपालिका
महोत्तरी ।

विषयः लेखापरीक्षण प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले एकडारा गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंगसम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाँउपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु ९ करोड २६ लाख ७६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ७४ लाख ४६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ६ करोड ९२ लाख १७ हजार नियमित गर्नुपर्ने रु ७९ लाख ९ हजार पेश्की बाँकी रु ८१ लाख ४ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।३।५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहित प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्यौट नभई कायम भएका व्यहोराको अन्तिम प्रतिवेदन पाना ४७ यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

# एकडारा गाउँपालिका
## लेखापरिक्षण प्रतिवेदन
## २०७५।०७६

**परिचय** :-स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नुनै गाँउपालिका स्थापनाको प्रमुख उदेश्य हो । २ नं. प्रदेशमा अवस्थित यस गाँउपालिका अर्न्तगत ६ वडा रहेका छन् । २४ व.की.मी.क्षेत्रफल ओगटेको यस गाँउपालिकाको जनसंख्या १९३१५रहेको छ ।

**स्थानीय संचितकोष** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम एकडारा गाउँपालिकाले प्राप्त गरेका आय,अनुदान तथा साहायता र स्थानीय सरकारबाट संचालन भएको आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि.नं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| | **गत वर्षको जिम्मेवारी** | | **७७८३४८८६।९९** | | **चालु खर्च** | | **१८४३८०९२४।६५** |
| | क) नगद | ०।०० | ०।०० | | सामाजिक सुरक्षा | ३७९११६००।० | |
| | ख) बैंक | ७७८३४८८६।९९ | ०।०० | | गरिबसंग विशेश्वर कार्यक्रम | ० | |
| | **राजश्व (आन्तरीक आय)** | | **४४२८२३१८।४८** | | बहुक्षेत्रिय पोष कार्यक्रम | १४६१०००।० | |
| | क) आन्तरीक राजश्व | २२८९४५।१६ | ०।०० | | सशर्त अनुदान संघ | ७९६७५०५२।२९ | |
| | ख) राजश्व बांडफांड | ४४०५३३७३।३२ | ०।०० | | बितिय समानिकरण अनुदान संघ | १९२७४९२२ | |
| | ग) अन्य आय | ०।०० | ०।०० | | औषधी उपचार | ० | |
| | **वित्तिय हस्तानान्तरण** | | **१९९५७१५००।००** | | संघ राजश्व बांडफांड | ३५६६८९४२।७० | |
| | क) वित्तिय समानीकरण अनुदान | ९४८०००००।०० | ०।०० | | जिल्ला प्रशासन राहत बितरण कार्यक्रम | २५००००।०० | |
| | ख) सशर्त अनुदान | १०४७७१५००।०० | ०।०० | | गत वर्षको शसर्त अनुदान फिर्ता | ८३४९०७१ | |
| | ग) समपुरक अनुदान | ०।०० | ०।०० | | युनिसेफ वास कार्यक्रम | १५८०३९५।० | |
| | घ) विशेष अनुदान | ०।०० | ०।०० | | प्रदेश तथा स्थानियतह क्षमता विकास कार्यक्रम | २०९९४१।६६ | |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **१०९६८५८२।२६** | | **पुंजीगत खर्च** | | **५०५३१८८९।००** |
| | क) वित्तिय समानीकरण अनुदान | २०३१०००।०० | ०।०० | | **संघिय सरकार** | | |
| | ख) सशर्त अनुदान | ५००००००।०० | ०।०० | | बित्तिय समानिकरण | ४०२५५४८९।० | |
| | ग) समपुरक अनुदान | ०।०० | ०।०० | | राजश्व बांडफांड | ६०७४५०२।० | |
| | घ) विशेष अनुदान | ०।०० | ०।०० | | समपुरक अनुदान | ० | |
| | ङ) प्रदेश राजश्व बांडफांड | ३९३७५८२।२६ | ०।०० | | बिशेष अनुदान | ० | |
| | **अन्तर स्थानीय तहबाट प्राप्त** | ०।०० | ०।०० | | **प्रदेश सरकार** | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **वित्तिय व्यवस्था प्राप्ती** | ०।०० | ०।०० | | समानिकरण | ० | |
| | क) ऋण प्राप्ति | ०।०० | ०।०० | | ससर्त प्रदेश | ४२०१८९८।० | |
| | ख) सांवा प्राप्ती | ०।०० | ०।०० | | राजश्व बांडफांड | ० | |
| | जनसहभागिता (नगद) | | २४३१५०९।०० | | स्थानिय पूर्वाधार बिकास साझेदार कार्यक्रम | | १८२९७७३।०० |
| | विषयगत निकायबाट प्राप्त रकम बिभिन्न कोषहरु | | ०।०० | | तराई मधेश समृद्धी कार्यक्रम | | ३५२९४४७।० |
| | धरौटी आय | | २८८५८०६।०० | | प्रधानमन्त्री रोजगार कार्यक्रम | | ७७९३०२।०० |
| | सडक बोर्ड | | २९९३४८।०० | | | | ०।० |
| | स्थानिय पूर्वाधार बिकास साझेदार कार्यक्रम | | ८२४००००।०० | | भुक्तानी बांकी लागत सहभागिता रकम | | ०।०० |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | | २०१७०००।०० | | धरौटी फिर्ता | | ८१११७९।०० |
| | सामाजिक सुरक्षा | | ३८०१५०००।०० | | धरौती बाँकी | | २०७४६२७।०० |
| | प्रदेश तथा स्थानियतह क्षमता विकास कार्यक्रम | | ३०५०००।०० | | **मौज्दात** | | |
| | झोलुगें पुल | | ०।०० | | क) नगद मौज्दात | | |
| | गरिबसंग विशेश्वर कार्यक्रम | | ०।०० | | ख) बैंक मौज्दात | | १११७२६७४६।७० |
| | तराई मधेश समृद्धी कार्यक्रम | | ४००००००।०० | | आन्तरीक स्रोत | | |
| | बहुक्षेत्रिय पोषण कार्यक्रम | | १४६१०००।०० | | **अनुदान फिर्ता गर्न बाँकी** | | ४२२४०४७५।३३ |
| | सेवानिवृत्त संचित विदा कार्यक्रम | | ०।०० | | सशर्त अनुदान संघ | २५०९६४४७।७१ | |
| | सेवा निवृत्त औषधी उपचार | | ०।०० | | युनिसेफ वास कार्यक्रम | ०।०० | ०।०० |
| | यनिसेफ बास कार्यक्रम | | २११५५२०।०० | | स्थानिय पूर्वाधार बिकास साझेदार कार्यक्रम | ६४१०२२७।०० | |
| | हस्पिटल सपोट कार्यक्रम(NSI) | | ०।०० | | तराई मधेश समृद्धी कार्यक्रम | ४७०५५३।०० | |
| | समपुरक अनुदान संघ | | ०।०० | | प्रदेश तथा स्थानियतह क्षमता विकास कार्यक्रम | ९५०५८।३४ | |
| | विशेष अनुदान संघ | | ०।०० | | प्रदेश सशर्त अनुदान | ७९८१०२।०० | |
| | कर दाखिला गर्न बाँकी | | ३४७६८९२।९५ | | सामाजिक सुरक्षा | १०३४००।०० | |
| | | | ०।०० | | प्रधानमन्त्री रोजगार कार्यक्रम | १२३७६९८।०० | |
| | | | ०।०० | | गत आ.व.को सशर्त अनुदान फिर्ता गर्न बाँकी | ८०२८९८९।२८ | |
| | जम्मा : | | ३९७९०४३६३।६८ | | | | ३९७९०४३६३।६८ |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७६ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी गाँउपालिकाको आर्थिक बर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन :- | |
| १. | **आन्तरिक लेखापरीक्षण** : आर्थिक कार्यविधि नियमावली, ०६४ को नियम ९६ मा कार्यालय प्रमुखले राजश्व, धरौटी तथा  बिनियोजतर्फको आन्तरिक लेखापरीक्षण गराई देखिएको बेरुजु फछ्र्यौट गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी लेखापरीक्षण गराउनु पर्नेमा आन्तरिक लेखापरिक्षण शाखा गठन गरेको छैन । कार्यालयले सशर्त अनुदान तर्फको मात्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको छ। वित्तिय समानिकरण , राजश्व बाँडफाँड लगायत सवै कारोवारको चौमासिकरुपमा आन्तरिक लेखापरीक्षण नगरेको कारण आन्तरिक नियन्त्रण कमजोर हुने र श्रेस्तामा रहेको कमी कमजोरी समयमै सुधार गर्न नसकिने भई अन्तिम लेखापरीक्षणलाई समेत समय र लागत बढी लाग्न जाने हुन्छ । अतः ऐन नियमको व्यवस्था अनुसार चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोवारलाई नियमित र पारदर्शी बनाउनु पर्दछ । | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ऐनमा व्यवस्था भए बमोजिम आर्थिक बर्ष २०७५।७६ को आय व्ययको विवरण २०७६।३।१०मा सभामा पेश गरेकोमा २०७५।१०।......मा सभावाट स्वीकृत भएको देखियो । | |
| ३. | **नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) प्रतिवेदन तयार नगरेको** : स्थानीय तहले आर्थिक वर्ष २०७५।७६ देखि नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित लेखा राखी प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले सो अनुरुप लेखा तयार गरी प्रतिवेदन गरेको देखिएन । नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार लेखा राख्ने व्यवस्थालाई कार्यान्वयन गर्नुपर्दछ । | |
| ४. | **विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै नगरपालिका तथा गाँउपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सफ्टवेयरले पेश्कि रकमलाई दोहोरो वजेट खर्च देखाउने, भौचरहरु सहज तरिकाले परिमार्जन गर्न मिल्ने देखिएकोले विद्युतिय प्रणालीमा राखिएको लेखा भरपर्दो देखिएन । सफ्टवेयरको विश्वसनियता परिक्षण गरी सम्वन्धित निकायवाट स्विकृति समेत लिएको नदेखिएकोले गाँउपालिकाको आय-व्ययको हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन । | |
| ५. | **मध्यकालीन खर्च संरचना** :अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले आर्थिक वर्षमा आ-आफनो कार्यक्षेत्र भित्रका बिषयहरुमा सार्वजनिक खर्चको अनुमानित बिवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले सार्वजनिक खर्च व्यवस्थापन प्रभावकारी बनाउन यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन। सीमित श्रोत साधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रबाह गर्न, लोकप्रियताका लागि वितरणमुखी र बजेट छर्ने प्रबृत्तिमा नियन्त्रण गर्न र योजनाको लाभ लागत | |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | बिश्लेषण गरी प्रभावकारी बनाउने मध्यकालीन खर्च सँरचनालाई कार्यन्वयन गर्न पालिकाले ध्यान दिनु पर्दछ । | |
| ६. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिव अधिकृत भए कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को आय व्ययको प्रक्षेपण २०७५।३।१०। मा सभावाट स्वीकृत भई प्रमुख प्रशासकिय अधिकृतलाई २०७६।८। मा खर्च गर्ने अख्तियारी दिएको छ । खर्च गर्ने आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम संचालन गर्ने उल्लेख गरेको छ । | |
| ७. | **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् :-<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा नगरेको ,<br>• गाँउपालिका र वडा कार्यालयमा रहेको जिन्सी आधावधिक नभएको र जिन्सी निरीक्षण गरी प्रतिवेदन नदिएकोले जिन्सीको हिनामिना तथा दुरुपयोग हुन सक्ने ,<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको,<br>• स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा निर्धारित कार्यक्रममा खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये ९५.५ प्रतिशतनै तेश्रो चौमासिकमा खर्च गरेको,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>• वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार नगरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय दररेट निर्धारण नगरेको र भँगहा , बिजलपुरा, गौशाला र बर्दिवासको दररेट जिल्ला दररेट भन्दा कम रहेकोमा नघटाई जिल्लादर रेट र ३५ किलो मीटर लिड समेत को ढुवानी खर्च दिई निर्माण लागतमा व्ययभार पारेको ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार नगरेको,<br>• कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि अर्धवार्षिक रुपमा मौजुदा सूची तयार नगरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा नबनाएको,<br>• विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री र ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु | |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | पर्नेमा प्यान बिल र अधिकांश सादा कागजको भर्पाइ मात्र संलग्न गरेको,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाख भन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा कुनै पनि निर्माण कार्यको बिमा नगरेको,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।<br>• सार्वजनिक निर्माण कार्यहरुको अधिकांश लागत अनुमान स्वीकृति, निर्माण बिल र कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख नगरेको ,<br>• खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको,<br>• कन्टिन्जेन्सी खर्चको बर्क स्टाफ चार्जमा १.५ प्रतिशत र अन्य सानातिना कार्यमा १.५ प्रतिशत अनुपात मिलाई खर्च गरेको अभिलेख रजिष्टर नराखेको,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कर्मचारीको पद अनुसार कार्य विवरण बनाई लागु नगरेको,<br>• कार्यक्रमगत खर्च खाता नराखेको कारण कार्यक्रमगत प्रगति यकिन गर्न नसकिएको र<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको छैन । | |
| ८. | **जिन्सी अभिलेख** : आर्थिक कार्यविधि नियमाबली, २०६४ को नियम ४७ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अधावधिक गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको साविक गा.वि.स. र बिषयगत शाखाको सम्पूर्ण चल, अचल सम्पति र जिन्सी अभिलेख प्राप्त गरी गाँउपालिकाको जिन्सी तथा सम्पत्ति रजिष्टरमा अभिलेख नराखेको, यस वर्ष खरिद गरेका कतिपय खप्ने तथा नखप्ने मालसामान जिन्सी दाखिला नगरेको, गाँउपालिका अन्तर्गतका वडा कार्यालयले खरिद गरेको मालसामान को जिन्सी दाखिला नगरेको कारण नगरपालिका अन्तर्गत के कति सम्पत्तिर र दायित्व रहेको छ यकिन गर्ने आधार भएन । नगरपालिकाको स्वामित्वमा रहेको भवन , जग्गा , सवारी साधन , कम्पयूटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना ,दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न छानबीन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरी पेश गर्नु पर्दछ । | |
| ९. | **खरिद योजनाः**सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८ मा बार्षिक १० लाख भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले बार्षिक खरिद योजना तयार नगरी बर्ष भरिनै पटक पटक टुक्रा गरी सोझै खरिद गर्ने गरेकोले खरिद कार्य मितव्ययी , पारदर्शी र नियमसम्मत छ भनी बिश्वस्त हुन सकिएन । ऐन नियम बमोजिम वार्षिक खरिद योजनामा सोझै खरिद ,शिलबन्दी दरभाउपत्रबाट खरिद गर्ने र बालेपत्रको माध्यमबाट खरिद रकम र समय सिमा निर्धारण गरी नियमसम्मत र पारदर्शीरुपमा खरिद गर्नुपर्दछ । | |
| १०. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाँउ प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा गाँउ प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर | |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा गाँउपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ११. | **राजस्व लेखा र श्रेस्ता सम्बन्धमाः** आर्थिक कार्यविधि २०५५ को दफा १२ मा राजस्व संकलन, दाखिला र राजस्वको श्रेस्ता खडा गर्ने सम्बन्धमा नेपाल सरकारको सिफारिसमा महालेखापरीक्षकबाट विभिन्न फाराम तथा खाताको व्यवस्था छ । राजस्व आर्जन गर्ने हरेक निकायले उल्लेखित फाराम तथा खाताहरुको प्रयोग गरी राजस्व श्रेस्ता अद्यावधिक गर्नुपर्दछ । यस कार्यालयले यस वर्ष प्राप्त गरेको विभिन्न किसिमका राजस्व (मालपोत दस्तुर, पञ्जीकरण शुल्क आदि) आर्जन गरेकोमा रसिद नियन्त्रण खाता, आम्दानी रसिदको प्रविष्टिको लागि प्रयोग गरीने दैनिक आम्दानी खाता ( म.ले.प.फा.नं. १०८) खाता तथा विवरण राखेको पाईएन । यस्तो अवस्थामा राजस्व आम्दानी लक्ष्य अनुसार भयो भएन एकिन गर्न नसकिएको भई राजस्व दाखिला भएको रकमलाईनै वास्तविक आय मान्नुपर्ने हुँदा राजस्व संकलनमा अनियमितता हुन सक्ने सम्भावना हुन्छ । अतः कार्यालयले उल्लेखित खाता तथा विवरण राखी राजस्व श्रेस्ता अद्यावधिक गरी गराई र राजस्व संकलनमा प्रभावकारीता अभिवृद्धि गर्नुपर्दछ । | |
| १२. | **श्रोत अनुमान तथा वजेट सीमा** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याईएतापनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १३. | **योजनागत लक्ष्य प्रगति** : लेखापरिक्षण क्रममा बजेत तथ कार्यक्रम अनुसारको लक्ष्य प्रगति बिबरण सम्बन्धमा माग गरे अनुसारको विवरण गाँउपालिकाले उपलब्ध नगराएकोले यस सम्बन्धमा बिश्लेषण गरी प्रतिवेदन गर्न सकिएन । | |
| १४. | **चौमासिक खर्च** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगती विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पुँजीगत तर्फ प्रथम चौमासिकमा ०.२१ प्रतिशत, दोश्रो चौमासिकमा ४.५ प्रतिशत र तेश्रो चौमासिकमा ९५.२५ प्रतिशत खर्च गरेको र आषाढ महिनामा मात्र कुल खर्चको ५८.५ प्रतिशत खर्चगरेकोछ । वर्षको अन्तमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ । | |

| कार्यक्रम | कुल खर्च | चौमासिक | | | आषाढको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोश्रो | तेश्रो | |
| वित्तिय समानिकरण | ४०२५५४८९.०० | १०००००.०० | २०६७०००.०० | ३८०८८४८९.०० | २१३३०७६३.०० |
| तराई मधेश समृद्धि कार्यक्रम | ३५२९४४७.०० | ०.०० | ०.०० | ३५२९४४७.०० | ३५२९४४७.०० |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम</td><td>१८२९७७३.००</td><td>0.00</td><td>0.00</td><td>१८२९७७३.००</td><td>१८२९७७३.००</td></tr>
<tr><td>जम्मा</td><td>४५६१४७०९.००</td><td>१०००००.००</td><td>२०६७०००.००</td><td>४३४४७७०९.००</td><td>२६६८९९८३.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५.</td><td>फ्रिज नगरेको :आर्थिक कार्यविधि नियमावली , २०६४ को नियम ३३ मा महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी उल्लेख गरेको बाहेक बजेट शीर्षकको निकासा रकम खर्च नभई बाँकी रहेमा सालतमाम हुनुभन्दा कम्तिमा ७ दिन अगाडि आर्थिक कारोवार बन्द गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। खर्च नभई बाँकी रहेको निम्नानुसार फ्रिज हुने रकम को.ले.नि.का.मा फिर्ता दाखिला नगरी गाँउपालिकामानै राखेको देखिएकोले उक्त रकम बेरुजु बापत संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>अनुदानको किसिम</th><th>निकासा</th><th>खर्च</th><th>बाँकी रकम</th></tr>
<tr><td>सशर्त अनुदान संघ</td><td>१०४७७१५००.००</td><td>७९६७५०५२.२९</td><td>२५०९६४४७.७१</td></tr>
<tr><td>सशर्त सामाजिक सुरक्षा</td><td>३८०१५०००.००</td><td>३७९११६००.००</td><td>१०३४००.००</td></tr>
<tr><td>प्रदेश सशर्त</td><td>५००००००.००</td><td>४२०१८९८.००</td><td>७९८१०२.००</td></tr>
<tr><td>तराई मधेश समृद्धी कार्यक्रम</td><td>४००००००.००</td><td>३५२९४४७.००</td><td>४७०५५३.००</td></tr>
<tr><td>स्थानिय पूर्वाधार साझेदार कार्यक्रम</td><td>८२४००००.००</td><td>१८२९७७३.००</td><td>६४१०२२७.००</td></tr>
<tr><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td>२०१७०००.००</td><td>७७९३०२.००</td><td>१२३७६९८.००</td></tr>
<tr><td>गत आ.व को सशर्त अनुदान फिर्ता गर्न बाँकी</td><td>0.00</td><td>0.00</td><td>८०२८९८९.२८</td></tr>
<tr><td>प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम</td><td>३०५०००.००</td><td>२०९९४१.६६</td><td>९५०५८.३४</td></tr>
<tr><td>जम्मा</td><td>१६२३४८५००.००</td><td>१२८१३७०१३.९५</td><td>४२२४०४७५.३३</td></tr>
</table>
</td><td>४२२४०४७५.३३</td></tr>
<tr><td>१६.</td><td>निर्माण कार्य : सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सोवा प्राप्त गर्दा मितव्ययी , गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजनाको मूख्य उदेश्यनै रोजगारीको श्रृजना गर्ने भएमा उपभोक्ता ,समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिन उल्लेख छ । गाँउपालिकाले अधिकाँश योजनाहरु उपभोक्ता समिति मार्फत गराएको र ठेक्का प्रकृया नअपनाएको, उपभोक्ता समितिबाट निर्माण गरेको कार्यको गुणस्तर परीक्षण नगरेको र रोजगारी श्रृजना भएको समेत नदेखिएकोले ठेक्का प्रकृयाबाट प्रतिष्पर्धात्मक तरीकाले निर्माण कार्य गराउँदा मितव्ययी र गुणस्तरीय कार्य हुने र खर्चमा पारदर्शीता कायम हुन जाने भएकोले ठेक्का लगाउन ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>१७.</td><td>बीमा :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम रु १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले निर्माण स्थल, निर्माण सामग्री र कामदारको बीमा गराउनुपर्ने व्यवस्था छ। गाँउपालिकाले सडक निर्माण, भवन निर्माण , बिद्युतीकरण लगायत सम्पूर्ण कार्यमा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराउँदा बीमा गराउने प्रावधान राखेको छैन । जोखिमयुक्त जटिल प्राविधिक पक्ष सामवेश भएको कार्य र हेभि मेशिनरी प्रयोग गर्नुपर्ने कार्य निर्माण</td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | व्यवसायीबाट प्रतिस्पर्धाको माध्यमबाट गराउन र जोखिम बहन गर्न बीमा गराउनु पर्दछ । | |
| १८. | **गुणस्तर परीक्षण** :सार्वजनिक खरिद नयमाबली , २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्य तथा सामाग्रीको गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नु पर्दछ । | |
| १९. | **सवारी साधन खरिदको विवरण:-** आर्थिक कार्यविधि नियमाबली, २०६४ को नियम १२३ मा नेपाल सरकारलाई दिर्घकालीन रुपमा दायित्व श्रृजना हुने सवारी साधन खरिद गर्नु पूर्व अर्थ मन्त्रालयको स्वीकृति लिईखरिद गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारलाई दिर्घकालिनरुपमा सवारी चालक , इन्धन खर्च, मर्मत खर्च सम्बन्धी व्ययभार पर्ने विषयमा अर्थ मन्त्रालयको सहमती लिई खरिद गर्नुपर्नेमा त्यसरी सहमती नलिई यस वर्ष रु ५६०००००.०० को सवारी साधन खरिद गरेको छ । सवारी साधन प्रयोगकर्तालाई बुझाएको सहायक जिन्सि खाता तयार गरी ईन्धन खर्चको मासिक कोटा निर्धारण गरी खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.सं | सवारी साधन | खरिद संख्या | मूल्य | प्रयोग गर्ने पदाधिकारी संख्या |
|---|---|---|---|---|
| १ | जीप,महिन्द्रा स्कारपियो | १ | ५६०००००.०० | |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| २०. | **धरौटी :-** धरौटीआय रु२८८५८०६।०० मायो वर्ष फिर्ता रु८१११७९।०० भई रु२०७४६२७।०० मौज्दात वाँकी देखाएको छ । धरौटीको आर्थिक वर्ष अनुसार आयु वर्गिकरण नगरेको, पुरानो धरौटी आवश्यक कार्यविधि पुरा नगरी मौज्दातमा ल्याएको, धरौटी राख्नेको पुरा विवरण नखुलाएको देखिन्छ । धरौटीको यथार्थ विवरण तयार गरी दिनुपर्ने दायित्व हिसावको अद्यावधिक गरीनु पर्दछ । | |
| २१. | **उपभोक्ता समितिको कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न गरेको कामको प्राविधिक मुल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने तथा प्राविधिक मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति, उपभोक्ता समितिको छाप लगायतका प्रमाण स्पष्ट देखिने गरी समावेश गर्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले गाँउपालिका स्तरिय तथा वडागत योजनाहरु उपभोक्ता समिति मार्फत सम्पन्न गरेकोमा सम्पन्न योजनाको प्राविधिक मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदनमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति लगायतका विवरण उल्लेख नगरेको तथा उपभोक्ता समितिको छाप लगाएको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनासँग सम्बन्धित कागजातमा उल्लेखित विवरण स्पष्ट गर्नु पर्दछ। | |
| २२. | **तलबि प्रतिवेदनः** कार्यालयको कर्मचारीको तलब भत्ता खर्च लेख्दा अनिवार्य रुपमा आ.व.को शुरुमै को.ले.नि.का. बाट र स्थानिय तहबाट तलबी प्रतिवेदन पारित गराएरमात्र खर्च लेख्नुपर्छ । गाँउपालीका भित्र रहेको स्थानिय तहको र निजामती सेवाका कर्मचारीहरुको आ.व २०७५।७६ को तलबी प्रतिवेदन पारित नगरई तलब भत्ता खर्च लेखेको देखियो । यसरी तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता खर्च लेखेकोमा तलबमान र ग्रेड रकम यकिन गर्न सकिएन । कार्यालयले तलबी प्रतिवेदन पारित गराई तलब भत्ता खर्चको प्रमाण पेश गर्नु पर्दछ। | |
| २३. | **अग्रिम आयकर :** आयकर ऐन, २०५८ को दफा ८७ , ८८ र८९ मा भुक्तानीमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष बिभिन्न शिर्षकको खर्च भुक्तानीमा नियमानुसार कट्टा गरेको रु ३४७६८९२।९५अग्रिमकर राजस्व कार्यालयमा दाखिला नगरी आफनै संचितकोष खातामा राखेको छ । कट्टा गरको तर हाल सम्म दाखिला नगरेको अग्रिमकर दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु | ३४७६८९२.९५ |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>सशर्त अनुदान शिक्षा तर्फ :</td><td></td></tr>
<tr><td>२४.</td><td>बिद्यालयगत निकासा खाता : कार्यालयले प्रत्येक बिद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेडर बिद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी बिद्यालायगत निकासा खाता अद्याबधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालायगत स्थिति स्पष्ट हुन सकेन । अतः बिद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफटवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्दछ । कार्यालयले स्वीकृत बजेट अनुसार निम्न विद्यालयहरुलाई विभिन्न कार्य गर्न अनुदान दिएको देखियो । यसरी दिएको अनुदान रकमबाट तोकिएको कार्य भए नभएको कुनै प्रमाण पेश नभएकोले कार्यालयले दिएको अनुदान रकमबाट तोकिएको कार्य सम्पन्न भएको बिल भरपाई तथा अनुगमन गरी गराई प्रतिबेदन पेश गर्नुपर्ने रु.<br>
<table>
<tr><th>गो.भौ.नं.</th><th>विद्यालयको नाम</th><th>ताकिएको काम</th><th>अनुदान रकम</th></tr>
<tr><td>९९-२०७६।३।३१</td><td>श्री दलित आ.वि. भटोलिया,</td><td>शिक्षण अनुदान</td><td>१००००००.००</td></tr>
<tr><td>११०-२०७६।३।३१</td><td>श्री जनता मा.वि. हलखोरी</td><td>क्रमागत ४ कोठे भवन निमार्ण</td><td>१८०००००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>२८०००००.००</td></tr>
</table></td><td>२८०००००.००</td></tr>
<tr><td>२६.</td><td>श्री जनता मा.वि. हलखोरी लाई तेस्रो चौमासिक निकासा संगै बालविकास शिक्षक १ जना र बिद्यालय कर्मचारी २ जनाको पोशाक भत्ता रु ३००००। निकासा पठाएको र पछि गो.भौ.नं. ...... बिद्यालयहरुलाई बालबिकास र बिद्यालयकर्मचारीहरुको पोषाक भत्ता पठाउँदा निकासा पठाएकोले दोहोरो पोशाक भत्ता निकासा भएकोले असुलउपर गर्नुपर्ने रु</td><td>३००००.००</td></tr>
<tr><td>२७.</td><td>आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम३६(३) मा खर्च लेख्दा बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले बिद्यालय बिद्यार्थीहरुलाई बितरण गर्न स्कुल ड्रेस ९५० थान रु ९९७२८१।५०मा खरिद गरको र बिद्यालयहरुलाई हस्तान्तरण गरी खर्च लेखेको देखियो । बिद्यार्थीको लागि खरिद गरेको सामान सम्बन्धित बिद्यार्थीलाई बितरण गरको कुनै प्रमाण पेश नभएकोले बितरण भरपाई प्रमाण पेश गर्नुपर्ने रु</td><td>९९७२८१.५०</td></tr>
<tr><td>२८.</td><td>आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम३६(३) मा खर्च लेख्दा बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न बिद्यालयहरुलाई दिवा खाजाको रकम निकासा पठाएकोमा लेखापरिक्षण अबधिसम्म खर्चको भरपाई पेश नगरेकोले दिवा खाजा खर्चको भरपाई सहितको प्रमाण पेश गर्नुपर्ने रु<br>
<table>
<tr><th>गो.भौ.नं.</th><th>विद्यालयको नाम</th><th>अनुदान रकम</th></tr>
<tr><td>३८-२०७५।११।२१</td><td>श्री जनता मा.वि.कोल्हुवा बगेया</td><td>३४११००.००</td></tr>
<tr><td>३८-२०७५।११।२१</td><td>श्री माध्यमिक बिद्यालय एकडारा बेला</td><td>६२१०००.००</td></tr>
<tr><td>३८-२०७५।११।२१</td><td>श्री राष्ट्रिय जनता माध्यमिक बिद्यालय</td><td>५५६२००.००</td></tr>
</table></td><td>२०२५९००.००</td></tr>
</table>

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ३८-२०७५।११।२१ | श्री दलित जनता आ.वि. भंगहीया | ६४८००.०० |
| ३८-२०७५।११।२१ | श्री दलित जनता आ.वि. भटौलिया | ११६१००.०० |
| ३८-२०७५।११।२१ | श्री जनता नि.मा.वि. चकवा | २३९४००.०० |
| ३८-२०७५।११।२१ | मदरसा इन्फिसा प्रा.वि. एकडारा | ८७३००.०० |
| | जम्मा | २०२५९००.०० |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| २९. | ८२-२०७६।३।२०,आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम३६(३) मा खर्च लेख्दा बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले बिद्यालयहरुलाई छात्रबृत्ति वापत रु १५९३२००। निकासा पठाएकोमा निम्न बिद्यालयहरुले लेखापरिक्षण अबधिसम्म खर्चको भरपाई पेश नगरेकोले छात्रबृत्ति वितरणको भरपाई सहितको प्रमाण पेश गर्नुपर्ने रु | १५९३२००.०० |

| सि.न. | विद्यालयको नाम | अनुदान रकम |
|---|---|---|
| १. | श्री जनता मा.वि.कोल्हुवा बगेया | २७१६००.०० |
| २. | श्री माध्यमिक बिद्यालय एकडारा बेला | ३६३१००.०० |
| ३. | श्री राष्ट्रिय जनता माध्यमिक बिद्यालय हलखोरी | २७३३००.०० |
| ४. | श्री दलित जनता आ.वि. भंगहीया | २१६००.०० |
| ५. | श्री दलित जनता आ.वि. भटौलिया | ४८४००.०० |
| ६. | श्री जनता नि.मा.वि. चकवा | ८४८००.०० |
| ७. | श्री जनता प्राथमिक बिद्यालय पर्सा | ३८०००.०० |
| ८. | श्री आधारभुत बिद्यालय बगेया | ८४०००.०० |
| ९. | श्री नेपाल रा.प्रा.वि. वेला | ६१६००.०० |
| १०. | श्री मुनरी रा.प्रा.बिद्यालय भटौलिया | ६९२००.०० |
| ११. | श्री रा.आ.बिद्यालय भगहीया | २५२००.०० |
| १२. | श्री ने.रा.नि.मा.बि. बेहरा जवदी | १४४८०० |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>१३.</td><td>श्री ने.रा.आ.वि. अजमरपटी</td><td>१०७६००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१५९३२००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०.</td><td>१०९-२०७६।३।३१ आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम३६(३) मा खर्च लेख्दा बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले वडा नं.६स्थित आधारभुत स्वास्थ्यकेन्द्र व्यवस्थापन बापत आधारभुत स्वास्थ्य केन्द्रलाई रु ८२७८०। भुक्तानी गरेकोमारु ७०८९३। को बिलभरपाई मात्र पेश भएकोले बिल भन्दा बढी भुक्तानी असुलउपर गर्नुपर्ने रु</td><td>११८८७.००</td></tr>
<tr><td>३१.</td><td>आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ३६(३) मा सरकारी रकम खर्च लेख्दा बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले आमा सुरक्षा अन्तर्गत स्वास्थ्य संस्थालाई दिइने अनुदान रकम एकडारा स्वास्थ्य चौकीलाई रु २०९०००। र भटौलिया स्वास्थ्य चौकीलाई रु ११३०००। निकासा पठाएकोमा खर्चको बिल भरपाई पेश नगरेकोले उक्त अनुदान रकमको खर्चको बिल भरपाई सहितको प्रमाण पेश गर्नुपर्ने रु</td><td>३२२०००.००</td></tr>
<tr><td>३२.</td><td>बैठक भत्ताः प्रदेश नं. २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ ले बैठक भत्ताको व्यवस्था गरेको छैन । नगरपालिकाले निम्नानुसार भौचरबाट नगरसभा, कार्यपालिका र वडा कार्यालयको बैठकको पदाधिकारी, सदस्य, र कर्मचारीहरुलाई रु १३०,०५०.०० बैठक भत्ता भुक्तानी गरेको देखियो । ऐन नियमानुसार नपाउने भत्ता भुक्तानी गरेको असुलउपर गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं.</th><th>विवरण</th><th>भत्ता खर्च (कर बाहेक)</th></tr>
<tr><td>९-०७६।२।१५</td><td>कक्षा ८ को परीक्षा सञ्चालन सम्बन्धी बैठक कार्यालय प्रमुख सहित ८ जना लाई बैठक भत्ता भुक्तानी</td><td>२९७५०.००</td></tr>
<tr><td>८-०७५।१२।४</td><td>गाँउपालिका शिक्षा समितिको बैठकको अध्यक्ष सहित १२ जना लाई रु १०००। का दरले बैठक भत्ता भुक्तानी</td><td>१०२००.००</td></tr>
<tr><td>६-०७५।११।२१</td><td>गाँउपालिका अन्तर्गतका सामुदायिक बिद्यालयहरु र मदरसाका प्र.अ.हरुको बैठकमा २५ जनलाई रु १०००।का दरले बैठक भत्ता बित्तरण</td><td>२१२५०.००</td></tr>
<tr><td>६-०७५।११।२१</td><td>गाँउपालिका शिक्षा समितीको बैठकको अध्यक्ष सहित ११ जनालाई रु १०००। का दरले बैठक भत्ता भुक्तानी</td><td>९३५०.००</td></tr>
<tr><td>४-०७६।१।४</td><td>न्यायिक समितीको बिभिन्न मितिमा बसेको १० वटा बैठकको बैठक भत्ता ७ जनालाई भुक्तानी</td><td>५९५००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३००५०.००</td></tr>
</table>
</td><td>१३००५०.००</td></tr>
<tr><td>३३.</td><td>अनुगमन भत्ताः भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ८ मा कुनै प्रशासकिय जिल्लाको सदरमुकाममा रात बिताउनुपर्ने गरी खटिएको स्थान देखि १५ कि.मि भित्र आफ्नो वा आफ्नो परिवारको नाममा स्थायी बसोवास भएको पदाधिकारी वा कर्मचारीले त्यस्तो क्षेत्रमा भ्रमण वा</td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | काजमा रहँदा दैनिक भत्ता र होटल बास खर्च नपाउने व्यवस्था छ । गाउँपालिकाले गाँउ पालिकाको ४-५ कि.मि. भित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन गरेको भनि नगर प्रमुख, उपप्रमुख, सदस्य तथा कर्मचारीहरुलाई निम्नानुसार रु १११४००.००अनुगमन भत्ता भुक्तानी गरेको देखियो । गाँउपालिका भित्रको परीक्षा, अनुगमन, निरीक्षण गर्नुपर्ने नियमित कार्यमा खटिएका पदाधिकारीलाई अनुगमन भत्ता दिन नमिल्ने हुँदा यस्तो खर्चलाई नियन्त्रण गर्नुपर्दछ । ऐन नियमानुसारदिन नमिल्ने भत्ताअसुलउपर गर्नुपर्नेरु. | १११४००.०० |

| गो.भौ.नं. | विवरण | अनुगमन भत्ता(कर बाहेक) |
|---|---|---|
| ९-०७६।२।१५ | कक्षा ८ को परीक्षा सञ्चालनमा अनुगमन गरे वापत वडा अध्यक्ष सहित ७ जना लाई अनुगमन भत्ता भुक्तानी | ३००००.०० |
| ६-०७६।३।५ | न्यायिक समिती सम्बन्धी अनुशिक्षण कार्यक्रम सम्बन्धी ४ दिने तालिममा अनुगमन गरे वापत अध्यक्ष सहित१० जनालाई रु १०००। का दरले अुनगमन भत्ता भुक्तानी | १००००.०० |
| १४-०७६।३।३ | बिद्यालयहरुमा दिवा खाजाको अनुगमन गरे वापत अध्यक्ष , प्र.प्र.अ. ,लेखापाल र शिक्षा संयोजक सहीत ४ जना लाई रु १०००। का दरले ५ दिनको अनुगमन भत्ता भुक्तानी | १७०००.०० |
| | बिद्यालयहरुमा पाठयपुस्तक वितरण गरेको अनुगमन गरे वापत अध्यक्ष , प्र.प्र.अ. ,लेखापाल र शिक्षा संयोजक सहीत ४ जना लाई रु १०००। का दरले ६ दिनको अनुगमन भत्ता भुक्तानी | २०४००.०० |
| | बिद्यालयहरुमा नयाँ भर्ना भएका बिद्यालयहरुको अवस्था स्थलगत अवलोकन गरे वापत अध्यक्ष , प्र.प्र.अ. ,लेखापाल र शिक्षा संयोजक सहीत ४ जना लाई रु १०००। का दरले ५ दिनको अनुगमन भत्ता भुक्तानी | १७०००.०० |
| | बिद्यालयहरुमा विभिन्न बिषयहको अवस्था स्थलगत अनुगमन गरे वापत अध्यक्ष , प्र.प्र.अ. ,लेखापाल र शिक्षा संयोजक सहीत ४ जना लाई रु १०००। का दरले ५ दिनको अनुगमन भत्ता भुक्तानी | १७०००.०० |
| | जम्मा | १११४००.०० |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | **बित्तिय समानिकरण** | |
| ३४. | आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ४६ र ४७ मा कार्यालयले खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त गरेको जिन्सी मालसामान एक वर्ष भन्दा वढी खप्ने प्रकृतिको भए म.ले.प. फारम नं.४७ खप्ने जिन्सी खातामा आम्दानी जनाई अभिलेख राख्नु पर्दछ । यस्ता प्रकृतिका सामान कुनै व्यक्ति वा बिषयगत शाखालाई प्रयोग गर्न दिएमा सहायक जिन्सी खाता तयार गरी सामान कसको जिम्मा रहेको छ भन्ने अभिलेख राख्नु पर्दछ । कार्यालयले यस्ता खप्ने प्रकृतिका जिन्सी सामानहरुको जिन्सी खाता नं. ४७ मा दाखिला गरी सहायक जिन्सी खाता तयार गरी उक्त सामानहरु क-कसको जिम्मामा रहेको खुलाई प्रमाण पेश गर्नुपर्ने रु | ३९६३४०.०० |

| गो.भा.नं. | सामानहरुको नाम | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|
| १०६-२०७६।३।३१ | स्टील दराज १थान , स्टील टेवल डवल १थान, स्टील टेवल सिंगल १थान, कुर्सी ३ थान, स्टील रैक १ थान, बेन्च काठको १ थान र सिलिङ पंखा २ थान | १० | | ९९४४०.०० |

| सि.नं. | भौ.नं.,मिति र विवरण | | | | | रकम |
|---|---|---|---|---|---|---|
| | १०७-२०७६।३।३१ | B.p. machine 2, weight scave 2, baby weight scave 2, Auto clave 1, Auto clave drum 1 and Examination bed 1 | ९ | | ८७२१०.०० | |
| | ९३-२०७६।१।१९ | यु.पि.एस. | १ | १४६९०.०० | १४६९०.०० | |
| | ९२-२०७६।३।३० | Samsung Tab | ३ | ६५०००.०० | १९५०००.०० | |
| | जम्मा | | | | ३९६३४०.०० | |

३५. **सोझै खरिद** :-सार्वजनिक खरिद ऐन,२०६३ के दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा संभव भएसम्म खरिद प्रकृयामा सबैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली,२०६४को नियम ८५(१) मा रु.५ लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउ पत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्नेमा वर्षभरनै सोझै खरिद विधि अपनाई खरिद गर्ने गरेकोले खरिद कार्य स्वच्छ, मितव्ययी र नियमसंगत छ भनी विश्वस्त हुन सकिएन । सोझै खरिद कार्यमा नियन्त्रण गरी शिलवन्दी दरभाउपत्र र वोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराई मितव्ययी र पारदर्शी रुपमा खरिद गर्न ध्यान दिनु पर्दछ । सोझै खरिद गरेको अनियमित देखिएको रु. — रकम: ६३७८३३५.२२

| गो.भौ.नं.र मिति | विवरण | खर्च रकम |
|---|---|---|
| ११४-२०७६।३।३१ | न्यानो झोला खरिद, २४१ थान | २१६९००.०० |
| १०८-२०७६।३।३१ | औषधी खरिद, नव दुर्गा मेडिकल हल | १९६२००.०० |
| ९२-२०७६।३।३० | Samsung Tab३ थान,न्युटेरिक सप्लायर्स | १९५०००.०० |
| १४-२०७५।१०।२ | सोनार टोल देखी कटैया जाने सडक मर्मत | ३४८८१६.८७ |
| १८-२०७५।१०।७ | fisibility study , Detail engineering survey soil investigation and Detail Design of rato nadi bridge, सिभिल इनर्फमेटिक्स एण्ड शलुसन प्रा.लि. | ४९९९९१.१० |
| ३६-२०७६।२।१६ | वडा नं. ४ भंगहिया देखि मरुवाही सिमाना सम्म नया सडक निर्माण, सुभाष कन्ट्रक्सन | ४९९२४५.६८ |
| ३७-२०७६।३।२ | फर्निचर तथा फिक्चर्स खरिद, पर्दा प्लास्टीक कुर्सी, टेवल, सोफा, कार्पेट आदि | ४९६०७९.०४ |
| ४२-२०७६।३।१७ | काठको काउण्टर खरिद १ सेट, आरफिन इन्टरप्राइजेज | २५७९७९.०० |
| ४३-२०७६।३।१७ | वडा नं. ६ अन्तर्गत जलेश्वर बर्दिवास सडक खण्डमा पर्ने बिद्यार्थी कोचिङ सेन्टर देखि कोल्हवा पोखरी सम्म माटो तथा ग्राभेल कार्य, | ४८३००५.०० |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| | पेसो कन्सल्टेन्सी प्राईभेट लि. | |
| ४४-२०७६।३।२० | वडा नं. ६ रामवरणको घर देखी पोखरी सम्म सडक मर्मत कार्य , ए.आर. कन्सल्टेन्सी एण्ड इन्जिनीयरिङ सोलुसन प्रा.लि. | ४८१८३०.५३ |
| ४-२०७६।३।२० | स्कुल ड्रेस खरिद ४७५ थान , गुप्ता बस्त्रालय गौशाला | ४९८६४०.७५ |
| ३-२०७६।३।२० | स्कुल ड्रेस खरिद ४७५ थान , जल्पा होजियरी गौशाला | ४९८६४०.७५ |
| १०-२०७६।२।२८ | खेलकुद सामाग्री खरिद | ४९८३८६.५० |
| १३-२०७६।३।१७ | खेलकुद सामाग्री खरिद | ४७१५२६.०० |
| ५-२०७६।१।२९ | रिभलभिङ चेयर ३थान, थ्रि सिटर ४ सेट, स्टील दराज ७ थान, स्टील टेवल ७थान, प्लास्टीक कुर्सी ६० थान खरिद, जलेश्वर नाथ ट्रेडर्स | ४९८६६९.०० |
| २०७०।३।२० | भवन सम्बन्धी अभिलेख रजिष्टर | १३८४२५.०० |
| २५३-२०७६।१।२९ | मस्लन्द तथा कार्यालय सम्बन्धी सामान वडा नं. २ का लागि खरिद नगरपालिकामा दाखिला नभएको | ९९०००.०० |
| | जम्मा | ६३७८३३५.२२ |

३६. **कर घटी कट्टीः** आयकर ऐन, २०५८ को दफा ८७ , ८८ र८९ मा रोजगारी बापतको पारिश्रमिक ज्याला रु. ४००,०००।०० सम्ममा १ प्रतिशत सामाजिक सुरक्षा कर, मालसामान खरिदको मू.अ.कर बिजकको भुक्तानीमा १.५ प्रतिशत र गिटी, ढुङ्गा, बालुवा, माटोको ढुवानीमा प्यान बिल, भरपाई र डोजर एक्साभेटरको भाडामा १० प्रतिशत बहाल कर कट्टी गरी भुक्तानी गर्नु पर्दछ । पालिकाबाट निर्माण कार्य गराई ज्याला,ढुवानी भाडा, डोजर एक्जाभेटरको भाडा र मालसामान खरिद गर्दा उल्लेखित व्यवस्था अनुसार रु ७०३७२४.७५लाग्नेमा रु३३०१४१.००मात्र कर कट्टी गरेको देखियो । नियमानुसार अग्रिम कर कट्टी नगरी घटी कर कट्टी गर्दा राजश्व प्राप्तिमा कमि हुन गई सरकारी बजेट तथा कार्यक्रम सञ्चालनमा असर पर्न सक्ने हुँदा कर कट्टीको व्यवस्था मिलाई छुट भएको कर असुलउपर गर्नुपर्ने रु. ३७३५८३.७६

| गो.भौ.नं. | विवरण | लाग्ने कर | कट्टी कर | नपुग कर |
|---|---|---|---|---|
| २-०७६।३।३१ | वडा नं.१औकसी सिंचाई योजनाको कार्य (अध्यक्ष :रनबिर कुमार मण्डल) को कार्यसम्पन्न अंक रु ३९४०४३५।४१ मा उपभोक्ता समितिले पेश गरेको बिल भरपाईमा ज्यामी खर्च रु १४०८२००। मा १ प्रतिशत, बालुवा , गिटी र माटो ढुवानी रु ११९०३५०। मा १० प्रतिशत र मू.अ.कर बिजकबाट खरिद रु १८५७९१८।८८ मा १.५ प्रतिशत कर लाग्ने | १५७७७९.६४ | ५८०००.०० | ९९७७९.६४ |

| सि.नं. | भौ.नं.,मिति र विवरण | | | | | रकम |
|---|---|---|---|---|---|---|
| | २-०७६।३।३१ | ब्रम्हस्थान कम्पाउण्डवाल गेट तथा मण्डप निर्माण (अध्यक्ष :अभिनास यादव ) को कार्यसम्पन्न अंक रु २२७१५०७।७२ मा उपभोक्ता समितिले पेश गरेको बिल भरपाईमा ज्यामी खर्च रु ५१४६००।०० , बालुवा , गिटी र माटो ढुवानी रु २७९७५०।०० र मू.अ.कर बिजकबाट खरिद रु ९१७३७७।६५ मा कर लाग्ने | ४५२९८.५८ | २९८६०.०० | १५४३८.५८ | |
| | ३-०७६।३।३१ | भैरव स्थान कम्पाउण्डवाल तथा मन्दिर निर्माण (अध्यक्ष दिपक कुमार पाण्डे ) को कार्यसम्पन्न अंक रु २४०१०५४।४६ मा उपभोक्ता समितिले पेश गरेको बिल भरपाईमा ज्यामी खर्च रु ८७३५००।०० ,बालुवा,गिटी ढुवानी रु ४०१३००।०० र मू.अ.कर बिजकबाट खरिद रु १७६६९२४.५० मा कर लाग्ने | ७२४१०.७५ | २८१००.०० | ४४३१०.७५ | |
| | १६-२०७५।१०।३ | वडा नं. ४ मा माटो तथा ग्राभेल कार्य (अध्यक्ष : पुलिस राय ) को कार्यसम्पन्न अंक रु ५४५१६५।८८ मा उपभोक्ता समितिले पेश गरेको बिल भरपाईमा ,बालुवा,गिटी ढुवानी रु ५५८०००। मा कर लाग्न | ५५८००.०० | ११६८४.०० | ४४११६.०० | |
| | २१-२०७५।१०।२० | वडा नं.४ मा पि.सि.ढलान कार्य ( अध्यक्षः शम्भु ठाकुर)को दोस्रो रनिङ बिलको कार्य सम्पन्न अंक रु २१७८२७९।३५मा उ.स.ले पेश गरेको बिल भरपाई ज्यामी खर्च रु ६३२०००। , मू.अ.कर बिजकबाट खरिद रु १६०१५८६।६७ र माटो ढुवानी भाडा रु २३०००। मा कर लाग्ने | ५०५८०.०० | ३२१२९.०० | १८४५१.०० | |
| | ४५-२०७६।३।२४ | मुस्लिमटोलको मदर्शा गौशिया मा माटो पुर्ने कार्य (अध्यक्षः पलट मोमीन) को कार्यसम्पन्न अंक रु ३१७६८१।२५मा उपभोक्ता समितीले पेश गरेको बिल भरपाईमा माटो ढुवानी भाडा रु | ३३०००.०० | ९०००.०० | २४०००.०० | |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | ३३००००। मा कर लाग्ने | | | |
| ३-०७६/३/३१ | श्री दुर्गा मंदिर भवन निर्माण वार्ड नं.६, बगेया , उ.स.अध्यक्ष : राम विनोद तिवारी | ३५३९०.९२ | २२०००.०० | १३३९०.९२ |
| ४-०७५/९/१३ | सतार अंसारीको घर देखि कौशलम्पाको घरसम्मको योजनाको निमित पि.सि.सि.ढलान, उ.स.अध्यक्ष : मो. फरमुद राइन | ९५५८६.०० | ६५२००.०० | ३०३८६.०० |
| ६-०७५/९/१९ | ब्रहमस्थानको भवन निर्माण, वार्ड नं. ३ , उ.स.अध्यक्ष : सिया शरण मंडल | १९३५९.५३ | ६५००.०० | १२८५९.५३ |
| ७-०७५/९/९ | धर्मशाला भवन निर्माण, वार्ड नं.४, उ.स.अध्यक्ष : राज किशोर राय | २७२७६.३५ | ९५२०.०० | १७७५६.३५ |
| २७-०७५/११/५ | स्लैब कलभर्ट निर्माण वार्ड नं.५, उ.स.अध्यक्ष : जैसुदीन राईन | १७५९९.३१ | ११६००.०० | ५९९९.३१ |
| ३०-०७५/११/२६ | बगेया ब्रमहस्थान अधुरो भवन निर्माण, बगेया-६ उ.स.अध्यक्ष : गंगा प्रसाद पाण्डे | १९२१७.९८ | १५५१६.०० | ३७०१.९९ |
| ४६-०७६/३/२४ | प्रा.वि.विद्यालय देखि दक्षिणवारी पट्टी पि.सि.सि.ढलान,वार्ड नं.३, उ.स. अध्यक्ष : ताहिर अंसारी | ३४१६५.०० | १३५३२.०० | २०६३३.०० |
| ५२-०७६/३/२५ | भटौलिया पर्वारीटोलका कब्रिस्तान कम्पाउण्ड निर्माण-३, अध्यक्ष : अताबुल रहमान अंसारी | ४०२६०.६९ | १७५००.०० | २२७६०.६९ |
| जम्मा | | ७०३७२४.७५ | ३३०१४१.०० | ३७३५८३.७६ |

| | | |
|---|---|---|
| ३७. | **१७-२०७५।१०१६** सार्वजनिक खरिद नियमाबली, २०६४ को नियम १९(१)मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र प्राप्त गरेको व्यक्ति, फर्म , संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । वडा नं.३ मा पि.सि.सि. ढलान कार्यको उपभोक्त समितिले पेश गरेको बिल भरपाईमा चौधरी बालुवा गिटी डिपो जलेश्वर (प्यान नं. ६०६४३००६) बाट रु २०८८००।०० को गिटी , बालुवा खरिद गरेको देखियो । खरिद गरेको फर्म मू.अ.कर मा दर्ता भएको र १२ वटा टुक्रा प्यान बिल जारी गरेकोले सम्वन्धित फर्मबाट १३ प्रतिशत मू.अ.कर रु २७१४४। असुलउपर गर्नुपर्ने रु | २७१४४.०० |
| ३८. | स्थानिय सरकार संचालन ऐन , २०७४को दफा ४को उपदफा १ (ख)मा गाउपालिका उपाध्यक्ष वा नगरपालिका उपप्रमुखको काम , कर्तव्य र अधिकार भित्र नगर तथा गाँउ क्षेत्र भित्र भएको योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ ।गाँउपालिकाबाट सम्पन्न भएका निम्न योजनाहरुको अनुगमन गरको नदेखिएकोले के कति कारणले अनुगमन नभएको खुलाई कार्यालयबाट अनुगमन गराई प्रतिवेदन पेश गर्नुपर्ने रु | २२७३६४६.७१ |

| गो.भौ.नं. | योजना तथा कार्यक्रम | कार्यसम्पन्न अंक |
|---|---|---|
| ३६-२०७६।२।१६ | वडा नं. ४ भंगहिया देखि मरुवाही सिमाना सम्म सडक निर्माण, सुवाष कन्स्ट्रक्सन महोत्तरी | ४७७२३१.७० |
| १२-२०७५।९।२९ | वडा नं. १ मा दुर्गा मन्दिर धर्मशाला निर्माण कार्य ( | ५७२२०२.९२ |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| | अध्यक्षः रामएकवाल यादव) | |
| १६-२०७५।१०।३ | वडा नं.४मा माटो तथा ग्राभेल कार्य (अध्यक्षः पुलिस राय) अनुगमन प्रतिवेदनमा उपाध्यक्ष र कार्यालयप्रमुखको हस्ताक्षर नभएको | ५४५१६५.८८ |
| १४-२०७५।१०।२ | सोनार टोल देखि कटैया जाने सडक मर्मत, दुर्गा निर्माण सेवा | ३६१३६४.९६ |
| ४५-२०७६।३।२४ | मुस्लिमटोलको मदर्शा गौशियामा माटो पुर्ने काम ( अध्यक्ष : पलट मोमीन) | ३१७६८१.२५ |
| जम्मा | | २२७३६४६.७१ |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| ३९. | **दाखिला नभएको** : आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ४६ र ४७ मा कार्यालयले खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त गरेको जिन्सी मालसामान एक वर्ष भन्दा वढी खप्ने प्रकृतिको भए म.ले.प. फारम नं.४७ खप्ने जिन्सी खातामा आम्दानी जनाई अभिलेख राख्नु पर्दछ । कार्यालयले निम्न प्रकारका गुरुयोजना तयार गर्न रु४९९९९१।१० खर्च गरेको देखिएकोमा दाखिला नगरेकोले जिन्सी दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु | ४९९९९१.१० |

| गो.भा.नं. | विवरण | भुक्तानी रकम |
|---|---|---|
| १८-२०७५।१०।७ | fisibility study , Detail engineering survey soil investigation and Detail Design of rato nadi bridge, सिभिल इनर्फमेटिक्स एण्ड शलुसन प्रा.लि. | ४९९९९१.१० |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| ४०. | **२१-२०७५।१०।२०**,वडा नं.४ मा पि.सि.ढलान कार्य (अध्यक्षः शम्भु ठाकुर)को लागत अनुमान रु ५८०९०४९।७७ मध्ये गाँउपालिकाबाट ८३.४९ प्रतिशत र बाँकी उपभोक्ता समितिबाट व्यहोर्ने गरी सम्फौता भएकोमा दोस्रो रनिङ बिलको कार्य सम्पन्न अंक रु २१७८२७९।३५ मध्ये कार्यालयबाट रु १८१८६५४।५९ भुक्तानी हुनुपर्नेमा रु १८४३०००। भुक्तानी भएकोले बढी भुक्तानी असुलउपर गर्नुपर्ने रु | २४३४५.०० |
| ४१. | **३८-२०७६।३।१५**, पत्रकार महासंघ महोत्तरी शाखालाई भवन निर्माणको अनुदान निकासा भनी रु २०००००। भुक्तानी गरेको अनियमित देखियो । गाँउपाकिलिकाले अधिकारक्षेत्र भन्दा बाहिरको अन्य निकायलाई निकासा दिई खर्च लेख्न नमिल्ने हुँदा असुलउपर गर्नुपर्ने रु | ३०००००.०० |
| ४२. | **मुल्य अभिबृद्धि कर** : आर्थिक विधेयक २०७६ ले मू.अ.कर ऐन २०५२ मा गरेको संशोधित एवं मु.अ.कर नियमावलि, २०५३ को २१ औ संशेधन अनुसार ६ (ग) को थप व्यवस्थाले कार्यालयले ठेक्का, परामर्श, समान आपुर्तिमा आपुर्तिकर्तालाई बिजक अनुसार थप भुक्तानी हुने मुल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुन आउने रकम कार्यालय बाट भुक्तानी खर्च लेख्दा कट्टागरी सम्वन्धित आपुर्तिकर्ताको लेखा दर्ता रहेको आन्तिरिक राजस्व कार्यालयको कोडमानै दाखिला गर्नुपर्दछ । नगरपालिकाले २०७६ जेठ १५ पछाडिका भुक्तानीमा थप दिएको मू.अ.कर रकमको ५० प्रतिशतले हुने रकम कट्टा नगरी पुरै भुक्तानी दिएको देखियो । ऐनको व्यवस्था अनुसार ५० प्रतिशत मु.अ.कर कट्टी नगरेकोले मु.अ.कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु | ५५२८२६.१६ |

| सि.नं. | फर्मको नाम | प्यान नं. र विजक नं. | मु.अ.कर |
|---|---|---|---|
| १ | राम लाला निर्माण सेवा एण्ड जेनरल स्पलायर्स | ३००१०११३७(विजक नं.३) | १११९४३.०७ |
| २ | राम लाला निर्माण सेवा एण्ड जेनरल स्पलायर्स | ३००१०११३७(विजक नं.४) | १६५४१५.०० |
| ३ | कुन्दन कन्स्ट्रक्सन, जलेश्वर-५, महोतरी | ६०६०९०७१७(विजक नं.०१) | ५४३०२.७१ |
| ४ | रामलाला निर्माण सेवा एण्ड जेनलर अर्डर सप्लायर्स, जलेश्वर-१, महोतरी | ३००१०११३७ ( विजक नं.८) | ८८२२६.५८ |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | ५ \| बाबा निर्माण सेवा, जलेश्वर-४ \| ३००७६९८५४ ( विजक नं.१८) \| १३३७३८.८०<br>जम्मा \| ५५२८२६.१६ | |
| ४३. | ३९-२०७६।३।१७, राम बिलाशको घर देखि पश्चिम सहदेव साहाको घर हुँदै हुलाकी सडक सम्म पि.सि.सि. ढलान कार्यको ल.ई रु ९६९६४०।०३ ठेक्का नं. ३, २०७५।०७६ बाट शिलबन्दी बोलपत्रको माध्यमबाट रामलाला निर्माण सेवाबाट गराएको देखियो । जम्मा ३ वटा फर्मले बोलपत्र दर्ता गराएको र साई बाबा निर्माण सेवालाई बोलपत्र दर्ता गराउन नदिएको जानकारी प्राप्त भएको छ ।दर्ता भएको बोलपत्र मध्ये बोलपत्र स्वीकृत भएको फर्म बाहेक २ वटा फर्मको BOQ मा केर मेट गरी बाबा निर्माण सेवाले ३० प्रतिशत घटीमा काम गर्ने गरी पेश गरेको BOQ लाई केरमेट गरी ५० प्रतिशत बढीमा काम गर्ने बनाएको र प्रिया निर्माण सेवा को BOQ मा २५ प्रतिशत घटी लाई केरमेट गरी २५ प्रतिशत बढी बनाइएको देखियो ।बोलपत्रको BOQमा केरमेट गरी बोलपत्र दर्ता हुन आएमा बोलपत्र रद्ध गर्नुपर्नेमा नगरेको र सब भन्दा बढी कबोलगरेको रामलाला निर्माण सेवालाई रु ९६६९४५।५६मा स्वीकृत गरेकोले सब भन्दा घटी कबोल गरेको बाबा निर्माण सेवाको रु ५९५३४३। भन्दा बढी भुक्तानी सम्बन्धित फर्मबाट असुलउपर गर्नुपर्ने रु | ३७१६०२.५६ |
| ४४. | ४०-२०७६।३।१७, वडा नं. १ मुसलमान टोलमा पि.सि.सि. ढलान कार्यको ल.ई. रु१४५४४३९।८८ ठेक्का नं. ४ ,२०७५।०७६ बाट शिलबन्दी बोलपत्र माध्यमबाट काम भएको देखियो । कार्यालयबाट जारी सूचनाका आधारमा ३ वटा फर्मले बोलपत्र खरिद गरेको र ३ वटा फर्मले नै बोलपत्र दर्ता गराएकोमा बोलपत्र स्वीकृत भएको रामलाला निर्माण सेवा वाहेक २ वटा फर्मले बोलपत्रमा लागत अनुमान भन्दा बढी रकममा बोलपत्र पेश गरकोले र बोलपत्र स्वीकृत भएको रामलाला निर्माण सेवाले मात्र ०.३८ प्रतिशत घटीमा रु १४४८८९७।३० मा कबोल गरेकोले बोलपत्र दर्ता गराएको फर्म बिच मिलोमतो नभएको भन्न सकिएन । कार्यालयले शिल्बन्दी बोलपत्रको माध्यमबाट काम गराउदा सक्दो प्रतिस्पर्धा गराई काम गराउनु पर्नेमा कार्यलयले यसरी दर्ता हुन आएको फर्म बिच मिलोमतो भए नभएको जाँच गरी मात्र बोलपत्र स्वीकृत गर्नुपर्दछ । | |
| ४५. | ९-२०७६।२।१५ शिक्षा संयोजक शिवशंकर झाले बिभिन्न कार्यक्रम गर्न लिएको पेश्की रु ९७४५००। पछ्यौंत गर्दा प्राथमिक तहका शिक्षकहरुलाई ५ दिने पुनः ताजगी तालिममा सहभागी ३० जना लाई रु १४००।का दरका व्याग रु ४२०००।को बितरण गरेको देखियो । कार्य सञ्चालन निर्देशिका, २०७३ र प्रदेशले बनाएको खर्च सम्बन्धी निर्देशिकामा छोटो अविधको कार्यक्रममा झोला बितरण गर्ने कुनै व्यवस्था नरहेको र एउटै व्यक्तीलाई पटक पटक कार्यक्रममा व्याग बितरण गर्दा व्ययभार पर्न गएकाले झोला बितरणमा गरेको बढी खर्च असुलउपर गर्नुपर्ने रु | ४२०००.०० |
| ४५.१ | बालबालिका सहजकर्ता ५ दिने पुनर्ताजगी तालिममा सहभागी ३० जना लाई रु १४००।का दरका व्याग रु ४२०००।को बितरण गरेको देखियो । कार्य सञ्चालन निर्देशिका, २०७३ र प्रदेशले बनाएको खर्च सम्बन्धी निर्देशिकामा छोटो अविधको कार्यक्रममा झोला बितरण गर्ने कुनै व्यवस्था नरहेको र एउटै व्यक्तीलाई पटक पटक कार्यक्रम पिच्छे व्याग बितरण गरेकोले व्ययभार बढाएकोले बढी खर्च असुलउपर गर्नुपर्ने रु | ४२०००.०० |
| ४५.२ | बिद्यालय बाहिरक रहेका बालबालिका र निरक्षरहरुको तथ्याँक संकलनमा १५ दिनका लागी खटिइएका १७ जना शिक्षकलाई जम्मा १७ थान व्याग बितरण गर्नुपर्नेमा ३० थान रु२५००।का दरले रु ७५०००। मा खरिद गरी बितरण गरको देखियो । काममा खटाईएकोलाई मात्र दिन मिल्ने हुनाले बढी खरिद गरी खर्च बढी लेखेको १३ थानको रु २५००।का दरले रु ३२५००। सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु | ३२५००.०० |
| ४५.३ | बिद्यालय बाहिर रहेका बालबालिका र निरक्षरहरुको तथ्याँक संकलन फारम १००० थैली तथा अन्य फारमहरु सशर्त बजेटबाट छपाएको र फेरी त्यही फारम छपाई भनेर बित्तिय समानिकरणको शिक्षबाट छुटयाएको बजेटबाट समेत रु ८००००। खर्च लेखेको देखिएकोले उक्त खर्च दोहोरो भएकोले असुलउपर गर्नुपर्ने रु | ८००००.०० |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| ४६. | **१०-२०७६।३।३१,१३-२०७६।२।२८** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम३६(३) मा खर्च लेख्दा बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले आफरीन इन्टरप्राइजेज बाट रु ४९८३८६।५० र अवदुल इन्टरप्राइजेजबाट रु ४७१५२६। गरी जम्मा रु ९६९९१२.२६को खेलकुद सामाग्री खरिद गरेको छ । खरिद गरको सामानका जिन्सी दाखिला नभएको र सामानहरु केकोलागी खरिद गरको केही नखुलेको र सामान कसलाई बितरण गरेको केही प्रमाण पेश नभएकोले खरिद गरेको कारण स्पष्ट गरी जिन्सी दाखिला सहित बितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु | ९६९९१२.२६ |
| ४७. | **१५-२०७६।३।३१,** शिक्षा संयोजक शिवशंकर झा ले बिभिन्न कार्यक्रम गर्न लिएको पेश्की रु ६७५०००। फछर्यौट गर्दा बिद्यालय व्यवस्थापन समिति अध्यक्ष र वडा अध्यक्षहरुको ऐन नियम सम्बन्धी ३ दिने अभिमुखिकरण तालिम मा सहभागी २५ जना लाई रु २५००।०० का दरको रु ६२५००।को व्याग बितरण गरेको देखियो । कार्य सञ्चालन निर्देशिका, २०७३ र प्रदेशले बनाएको खर्च सम्बन्धी निर्देशिकामा छोटो अविधको कार्यक्रममा झोला बितरण गर्ने कुनै व्यवस्था नरहेको र एउटै व्यक्तीलाई पटक पटक कार्यक्रममा एक महिना भित्र ५वटा सम्म व्याग बितरण गरेको देखिएकोले व्ययभार पर्न गएको बढी खर्च असुलउपर गर्नुपर्ने रु | ६२५००.०० |
| ४७.१ | नि.मा.वि. र मा.वि.तहका शिक्षकहरुको ३ दिने अभिमुखिकरण तालिममा सहभागी २५ जना लाई रु २५००।का दरको रु ६२५००।को व्याग बितरण गरेको देखियो । अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७३ र प्रदेशले बनाएको खर्च सम्बन्धी निर्देशिकामा छोटो अविधको तालिम तथा कार्यक्रममा झोला बितरण गर्ने कुनै व्यवस्था नरहेको र एउटै व्यक्तिलाई पटक पटक कार्यक्रममा एक महिना भित्र ५वटा सम्म व्याग बितरण गरेको देखिएकोले व्ययभारबढाएको खर्च असुलउपर गर्नुपर्ने रु | ६२५००.०० |
| ४७.२ | आई सि.टि. सम्वन्धी ३ दिने तालिममा सहभागी २५ जनालाई रु २५००।का दरको रु ६२५००।को व्याग बितरण गरेको देखियो । कार्य सञ्चालन निर्देशिका,२०७३ र प्रदेशले बनाएको खर्च सम्बन्धी निर्देशिकामा छोटो अविधको तालिम तथा कार्यक्रममा झोला बितरण गर्ने कुनै व्यवस्था नरहेको र एउटै व्यक्तिलाई पटक पटक कार्यक्रममा एक महिना भित्र ५ वटासम्म व्याग बितरण गरेको देखिएकोले व्ययभार बढाएको खर्च असुलउपर गर्नुपर्ने रु | ६२५००.०० |
| ४७.३ | प्र.अ. र लेखामा कामगर्ने कर्मचारीहरुलाई लेखा व्यवस्थापन सम्बन्धी ३ दिने तालिममा सहभागी २५ जना लाई रु २५००।का दरको रु ६२५००।को व्याग बितरण गरेको देखियो । कार्य सञ्चालन निर्देशिका,२०७३ र प्रदेशले बनाएको खर्च सम्बन्धी निर्देशिकामा छोटो अविधको तालिम तथा कार्यक्रममा झोला बितरण गर्ने कुनै व्यवस्था नरहेको र एउटै व्यक्तीलाई पटक पटक कार्यक्रममा एक महिना भित्र ५वटा सम्म व्याग बितरण गरेको देखिएकोले व्ययभार बढाएको खर्च असुलउपर गर्नुपर्ने रु | ६२५००.०० |
| ४८. | **६-२०७६।३।५,** प्रयास महोत्तरीद्धारा संचालित ४ दिने न्यायिक समितिको अनुशिक्षण सम्बन्धी तालिममा संयोजक संजिव कुमारलाई १५ दिनको भत्ता कर बाहेक रु १२३२५। भुक्तानी गरेकोले ४ दिनको कार्यक्रममा संयोजकलाई १५ दिनको भत्ता दिन नमिल्ने र कार्यालयले कार्यक्रम सञ्चालन गर्ने संस्था प्रयास महोत्तरीलाई १० प्रतिशत ओभरहेड भुक्तानी गरेकोले सरकारी नर्म्स भन्दा बढी दिन नमिल्नेहुनाले प्रदेश खर्च सम्बन्धी निर्देशिकामा संयोजक भत्ता १ दिनमा बढीमा ७००। दिन मिल्ने हुनाले ४ दिनको रु २८००। बाहेक बढी भुक्तानी असुलउपर गर्नुपर्ने रु | ९५२५.०० |
| ४८.१ | प्रयास महोत्तरीद्धारा संचालित ४ दिने न्यायिक समितिको अनुशिक्षण सम्बन्धी तालिममा २ जना सहयोगीलाई प्रति दिन रु २०००। का दरले ४ दिनको रु १६०००। भुक्तानी गरेको छ । प्रदेशको खर्च सम्बन्धी निर्देशीकामा सहयोगीलाई बढीमा एक दिनको रु ५००। सम्म दिन मिल्ने हुनाले २ जना सहयोगीको रु ८००। का दरले ४ दिनको रु ६४००। बाहेक बढी भुक्तानी गरेको असुलउपर गर्नुपर्ने रु | ९६००.०० |
| ४८.२ | प्रयास महोत्तरीद्धारा संचालित ४ दिने न्यायिक समितीको अनुशिक्षण सम्बन्धी तालिममा सहभागी ४५ जना लाई रु १६१६। का दरको रु ७२७२० ।को व्याग बितरण गरेको देखियो । कार्यालयबाट बनाएको कार्यक्रम सञ्चालन नर्म्स र प्रदेशले बनाएको खर्च सम्बन्धी निर्देशिकामा छोटो अविधको | ७२७२०.०० |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | तालिम तथा कार्यक्रममा झोला बितरण गर्ने कुनै व्यवस्था नरहेकोले यसरी गरेको व्याग बितरणले व्ययभार बढाएको हुँदा बढी खर्च असुलउपर गर्नुपर्ने रु | |
| | **सामाजिक सुरक्षातर्फ :** | |
| ४९. | **व्यवस्थापन प्रणालीमा प्रविष्ट :**२७।०७६।३।३१सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, अनुसार तोकिएको शर्त पूरा भएका परिच्छेद ६ को दफा १८ बमोजिम व्यवस्थापकीय सूचना प्रणालीमा दर्ता गराएको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता दिने व्यवस्था रहेको छ । पालिकाले पञ्जिकरण विभागको व्यवस्थापकीय सूचना प्रणालीमा प्रविष्ट नगराई सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखियो । कार्यालयले सामाजिक सुरक्ष व्यवस्थापन प्रणालीमा प्रविष्ट गराउनु पर्दछ । | |
| ५०. | २८-०७६।३।३० वार्ड नं. १ का वडा सचिव श्री अरुण कुमार यादवले बाल पोषण भत्ता वितरण गर्न लिएको पेश्की रु.८६२,८००।-मध्ये रु.८५९,२००।- वितरण गरेको देखिएकोले बाँकी रहेको रकम असुलउपर गर्नुपर्ने रु. | ३६००.०० |
| ५१. | वार्ड नं.५ जेष्ठ नागरिक जयनन्दन रायलाई समाजिक सुरक्षा भत्ता खाता नं.१६५०१००११०४६२३००००००१ मा प्रथम किस्ता रु.८०००। भुक्तानी गरेको देखियो । निज व्यक्तिको जन्म मिति २००५।९।१० भएकोले उमेर नपुगी भत्ता वितरण गरेकोले भुक्तानी रकम असुलउपर गर्नुपर्ने रु. | ८०००.०० |
| | **राजश्वतर्फ** | |
| ५२. | **राजश्व दाखिला** : आर्थिक कार्यविधि ऐन,२०५५ को परिच्छेद ४ को दफा १२ र १३ मा प्रचलित कानून वमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि बैंक दाखिला गर्नुपर्नेमा भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय प्रमुखले १० दिन ढिलो गरेको भएद१० प्रतिशत,१५ दिन ढिलोसम्म ढिलो गरेको भए १५ प्रतिशत र १५ दिनभन्दा बढी ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गराई कसूरको मात्रानुसार प्रचलित कानून वमोजिम विभागीय कारवाहीसमेत गर्न सक्ने व्यवस्था छ ।पालिकाका निम्नानुसार वडा सचिवहरुले राजस्व प्राप्त रकम मध्ये रु.१०५,१७९।८१ दाखिला गरेको नदेखिएकोले व्याज समेत हिसाब गरी असुलउपर गर्नुपर्ने रु | १०५१७९.८१ |

| वार्डनं. | नाम | राजश्व प्राप्त | दाखिला | बाँकी |
|---|---|---|---|---|
| ४. | रतन राय | १२९८७३.५३ | ९००००.०० | ३९८७३.५३ |
| ६. | गोणु मंडल | ३७७९६.२८ | ०.०० | ३७७९६.२८ |
| २. | लाल बहादुर ठाकुर | १५८१०.०० | ०.०० | १५८१०.०० |
| १. | अरुण यादव | ११७००.०० | ०.०० | ११७००.०० |
| | जम्मा | | | १०५१७९.८१ |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| ५३. | **ठेली पेश नभएको** : लेखापरीक्षण कममा आन्तरिक राजश्वको विभिन्न ६ वटा ठेली फेला नपरेको भनी पेश हुन आएन । कार्यालयले उक्त ठेली खोजतलास तथा छानविन गरी राजश्व हिनमिना रोकन तथा कार्यालयले दण्ड जरिवानासहित असुलउपर गर्नुपर्दछ । | |

| रसिद लिनेको नाम | रसिद नं.(नगदी) | ठेली संख्या |
|---|---|---|
| वडा सचिव अरुण यादव | ७०१-७५० | १ |
| वडा सचिव रतन राय | ३०१-३५० | १ |
| वडा सचिव विकास कु. झा | २०१-२५० | १ |
| वडा अध्यक्ष सेराउदीन अंसारी | ७५१-८०० | १ |
| वडा अध्यक्ष सेराउदीन अंसारी | ६५१-७०० | १ |
| वडा अध्यक्ष सेराउदीन अंसारी | ६०१-६५० | १ |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | जम्मा ६ | |
| ५४. | **आर्थिक सहायता-** स्थानीय सरकार संचालन ऐन,२०७४ मा गाउँपालिकालाई आर्थिक सहायता दिने, शुमकामना तथा समवेदना वापत खर्च लेख्न पाउने व्यवस्था गरेको छैन । नगरपालिकाले निम्न भौचरवाट विभिन्न व्यक्ति तथा संस्थालाई आर्थिक सहायता वापत रु.३०६०००.००भुक्तानी गरी खर्च लेखेको अनियमित देखियो । यस किसिमको वितरणमुखी र प्रचारमुखी खर्चमा नियन्त्रण गरी पूर्वाधार जन्य विकास निर्माणको कार्यमा खर्च गरी वजेट तथा कार्यक्रमको उदेश्य प्राप्त गर्न ध्यान दिनु पर्दछ । नियम विपरित आर्थिक सहायता दिने कार्य अनियमित देखिएको रु. | ३०६०००.०० |

| गो.भौ.नं.र मिति | विवरण | रकम |
|---|---|---|
| ३-०७५/१०/२ | अचानक आग लागि वापत श्री अजित कुमार दास | १००००.०० |
| ४-०७५/१०/२० | अकास्मिक गोरुको साँठेको ढक्करले दाँया हातको हाड भाचेकोले श्री नथुनी मलिकलाई | १००००.०० |
| ५-०७५/१०/२५ | आग लागी शरीर जेलेको श्री राज किशोर मंडल | १००००.०० |
| ६-०७५/१०/२५ | आगो लागि घरको सामान जलेको श्री राम बफावन साह | १००००.०० |
| ७-०७५/१०/५ | आगो लागि भैंसी समेत जलेको वापत श्री राम ललित देवी | १००००.०० |
| ८-०७५/११/२१ | आगो लागि घाइते भएको श्री भोला राय | १००००.०० |
| ९-०७५/११/२१ | चोरी वापत श्री इदरिस अंसारी | १००००.०० |
| १०-०७५/११/२१ | वर्षाको कारण घर भत्केकोले श्री अजय कुमार राय | १००००.०० |
| ११-०७५/११/२६ | आमा मृत्यु भएको श्रद्ध कर्म गर्न श्री बंगाली मल्लीक डोम | १००००.०० |
| १४-०७६/३/१२ | आगो लागी घाइते भएकोले श्री खोजैदा खातुन | १००००.०० |
| १५-०७६/३/१७ | घर पूर्ण रुपमा क्षतिग्रस्त वापत श्री अनिशा खातुन | १००००.०० |
| १८-०७६/३/२५ | स्वास्थ्य उपचार वापत श्री दु :खरण मल्लिक | १००००.०० |
| | **साँस्कृति प्रवर्द्धनतर्फ** | |
| ३-०७५/१०/०२ | वार्ड नं.३ श्री हरि कथा ज्ञानयक्ष माघ ६,७ र ८ श्री ब्रहमदेव सदा लाई | १००००.०० |
| ४-०७५/१०/०६ | वार्ड नं.२ राम-राम नाम माहाअङ श्री रोशनी देवीलाई | ६०००.०० |
| ६-०७५/१०/०२ | वार्ड नं.५ मा सरस्वती पूजा चन्दा वापत श्री ने.रा.नि.मा.वि.बोडा जबदीलाई | १००००.०० |
| ७-०७५/१०/०२ | वार्ड नं.४ मा सरस्वती पूजा चन्दा वापत श्री जनता आधारभुत विद्यालय चकवालाई | १००००.०० |
| ८-०७५/१०/१४ | वार्ड नं.२ मा सरस्वती पूजा चन्दा वापतश्री ने.रा.प्रा.वि. बेला-९ लाई | १००००.०० |
| ९-०७५/१०/१४ | वार्ड नं.६ मा सरस्वती पूजा चन्दा वापत श्री आधारभुत विद्यालय बगेयालाई | १००००.०० |
| १०-०७५/१०/१४ | वार्ड नं.३ मा सरस्वती पूजा चन्दा वापत श्री राष्ट्रिय आधारभुत विद्यालय अमरपट्टीलाई | १००००.०० |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| ११-०७५/१०/१४ | वार्ड नं.२ मा सरस्वती पूजा चन्दा वापत श्री राष्ट्रिय प्राथमिक विद्यालय भटौलियालाई | १००००.०० |
| १२-०७५/१०/२० | वार्ड नं.२ मा सरस्वती पूजा चन्दा वापत श्री राष्ट्रिय जनता मा.वि. हलखोरी | १००००.०० |
| १३-०७५/१०/२१ | सरस्वती पूजा चन्दा वापत विभिन्न ४ वटा विद्यालय | ४००००.०० |
| १५-०७५/१०/२५ | वार्ड नं.१ मा बस्ने मोकिन अंसारीको छोरीको विहेमा वापत | १००००.०० |
| १६-०७५/१०/२९ | सरस्वती पूजा चन्दा वापत श्री माध्यमिक विधालय एकडारा बेला | १००००.०० |
| १७-०७५/११/५ | वार्ड नं.५ मा ब्रहमबाबाको पुजा चन्दा वापत श्री ब्रहमबाबा समिति जिवछ महतो | १००००.०० |
| १८-०७५/११/०५ | वार्ड नं. १ मा किर्तन भजन गर्न श्री राम अनुग्रह मण्डललाई | १००००.०० |
| २१-०७५/११/२१ | वार्ड नं. ४ मा नाटक वापत श्री मनोज रायलाई | १००००.०० |
| २४-०७६/३/२१ | वार्ड १ मा ब्रहमस्थानको आखरी पुजा वापत श्री फेकन मंडललाई | १००००.०० |
| २५-०७६/११/०२ | विश्वनाथ महादेवको पुजा वापत श्री रामचन्द्र तिवारीलाई | १००००.०० |
| २७-०७६/३/२७ | वार्ड नं. २ ब्रहमस्थानको पूजा वापत श्री चन्देश्वर साहलाई | १००००.०० |
| ३०-०७६/३/३१ | महाविर झाण्डा मेला वापत महावीर झण्डा मेला समितिका अध्यक्ष : विनोद पासवान | १०००००.०० |
| | जम्मा | ३०६०००.०० |

**महिला विकासतर्फ**

५५. ८।०७६।३।१७ : कार्यालयले कुनै पनि कार्यक्रम सञ्चालन गर्दा अर्थ मन्त्रालयकोकार्य सञ्चालन निर्देशिका, २०७३ को खर्च सम्बन्धी मापदण्ड अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको सहकार्यमा सञ्चालित स्वास्थ्य सम्बन्धी जनचेतना गोष्ठी तालिम वापत प्रशिक्षकलाई नर्म्स भन्दा बढी भुक्तानी गरेकोले बढी रकम असुलउपर गर्नुपर्ने रु. — ५१००.००

| क.सं. | नाम | दिन | नर्म्स अनुसार | भुक्तानी | बढी भुक्तानी ( कर बाहेक) |
|---|---|---|---|---|---|
| १. | विनोद कुमार झा | २ | ३०००.०० | ५०००.०० | १७००.०० |
| २. | अनुज झा | २ | ३०००.०० | ५०००.०० | १७००.०० |
| ३. | चन्दन दुबे | २ | ३०००.०० | ५०००.०० | १७००.०० |
| जम्मा | | | | | ५१००.०० |

५६. ७।०७६।२।१२ : कार्यालयले कुनै पनि कार्यक्रम सञ्चालन गर्दा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७३ को खर्च सम्बन्धी मापदण्ड अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाको सहकार्यमा सञ्चालित बाल मैत्री शासन सम्बन्धी एक दिने अभिमुखीकरण तालिम वापत प्रशिक्षकलाई नर्म्स भन्दा बढी भुक्तानी गरेकोले बढी रकम असुलउपर गर्नुपर्ने रु. — ३४००.००

| क.सं. | नाम | यातायात खर्च भुक्तानी ( प्रतिदिन) | दिन | नर्म्स अनुसार | भुक्तानी भएको | बढी भुक्तानी (कर बाहेक) |
|---|---|---|---|---|---|---|
| १. | चुडामणि यादव | १०००.०० | १ | २०००.०० | ४०००.०० | १७००.०० |
| २. | सुदिशश प्र.चोरसिया | १०००.०० | १ | २०००.०० | ४०००.०० | १७००.०० |
| | जम्मा | | | | | ३४००.०० |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td>५७.</td><td>बैठक भत्ताः प्रदेश नं. २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७५ ले बैठक भत्ताको व्यवस्था गरेको छैन । नगरपालिकाले निम्नानुसार भौचरबाट पदाधिकारी तथा कर्मचारीलाई रु.४०८००।०० बैठक भत्ता भुक्तानी गरेको देखियो । ऐन नियममा व्यवस्था नभएको भत्ता भुक्तानी रकम कर कट्टी बाहेक असुलउपर गर्नुपर्ने रु.
<table>
<tr><td>गो.भा.नं.</td><td>विवरण</td><td></td><td>भुक्तानी<br>( करकट्टी बाहेक )</td></tr>
<tr><td>३,२-०७६/१/४</td><td></td><td>दिन</td><td></td></tr>
<tr><td></td><td>उपाध्यक्ष महजवी खातुन</td><td>३</td><td>२५५०.००</td></tr>
<tr><td></td><td>अपाङ सं जोगिन्द्र ठाकुर</td><td>३</td><td>२५५०.००</td></tr>
<tr><td></td><td>स्वास्थ्य स.सं.इब्रहिम नदाफ</td><td>३</td><td>२५५०.००</td></tr>
<tr><td></td><td>शिक्ष प्रतिनिधि शिव शंकर झा</td><td>३</td><td>२५५०.००</td></tr>
<tr><td></td><td>म.स.तिलिया देवी</td><td>३</td><td>२५५०.००</td></tr>
<tr><td></td><td>म.स.वर्षा कुमारी</td><td>३</td><td>२५५०.००</td></tr>
<tr><td></td><td>नेत्रहिन संघ अमित ठाकुर</td><td>३</td><td>२५५०.००</td></tr>
<tr><td></td><td>अपाङ सहस्थ किशोर महासेट</td><td>३</td><td>२५५०.००</td></tr>
<tr><td></td><td>गा.पा.कर्मचारी बालकृष्ण झा</td><td>३</td><td>२५५०.००</td></tr>
<tr><td></td><td>स.म.वि रचना कुमारी</td><td>३</td><td>२५५०.००</td></tr>
<tr><td></td><td>गा.पा.अध्यक्ष राम छविला साह</td><td>३</td><td>२५५०.००</td></tr>
<tr><td></td><td>प्र.प्र.अ.शम्भु ठाकुर</td><td>३</td><td>२५५०.००</td></tr>
<tr><td></td><td>लेखपाल लश्मेश्वर राय</td><td>३</td><td>२५५०.००</td></tr>
<tr><td></td><td>क.अ.राम सिनोह साह</td><td>२</td><td>१७००.००</td></tr>
<tr><td></td><td>परिचालक बविता शर्मा</td><td>२</td><td>१७००.००</td></tr>
<tr><td></td><td>सह लेखापाल विनोद कुमार साह</td><td>२</td><td>१७००.००</td></tr>
<tr><td></td><td>प्रहरी प्रमुख सत्येन्द्र प्रसाद साह</td><td>२</td><td>१७००.००</td></tr>
<tr><td></td><td>प्रहरी प्र. बल बहादुर माझी</td><td>१</td><td>८५०.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४०८००.००</td></tr>
</table></td><td>४०८००.००</td></tr>
<tr><td>५८.</td><td>७०७६।२।१२ : कार्य सञ्चालन निर्देशिका, २०७३ का अनुसार अर्थ मन्त्रालयको निर्णयानुसार नर्म्स अनुसार खर्च गर्नुपर्दछ । नगरपालिकाको सहकार्यमा सञ्चालित बाल मैत्री शासन सम्बन्धी एक दिने अभिमुखीकरण तालिम वापत ५५ जना सहभागीलाई स्टेशनरी खर्च प्रति व्यक्ति रु.३००। दरले रु.१६५००।- भुक्तानी गरेकोमा नर्म्स अनुसार प्रति व्यक्ति रु.१००।०० का दरले रु.५५००।-मात्र भुक्तानी भुक्तानी हुनुपर्नेमा बढी भुक्तानी रकम असुलउपर गर्नुपर्ने रु.</td><td>११०००.००</td></tr>
<tr><td></td><td>स्वास्थ्यतर्फ</td><td></td></tr>
<tr><td>५९.</td><td>२०-०७५।१०।२९ स्वा.संयोजक श्री श्यामदेव महासेठ कार्यालयको कामकाजका लागि मिति २०७५।८।११ देखि ०७५।८।१७ गते सम्म जनकपुर-काठमान्डौ जाँदा बोर्डिङ पास भएको र आउदा बोडिङ पास नभएकोले भुक्तानी गरेको यातायात खर्च रु.८९००।०० मा एक तर्फको बोडिङ पास बेगर गरको भुक्तानी नियमसम्मत नभएकोले अनियमित खर्च रु</td><td>४२००.००</td></tr>
<tr><td>६०.</td><td>२०-०७५।१०।२९ औषधी लिन, पथलैया जाँदा आउदा बढीमा ३ दिन लाग्ने भएकोमा स्वा.संयोजक श्री श्यामदेव महासेठले मिति २०७५।९।३० देखि ०७५।१०।५ सम्म ७ दिन भ्रमण खर्च रु.९८००। भुक्तानी गरेकोले ३ दिनको हुने रु.६८००। भन्दा बढी भुक्तानी रकम असुलउपर गर्नुपर्ने रु.</td><td>३०००.००</td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td>६१.</td><td>७४-०७६।०७६।३।२ लव मेडिकल हौल, जलेश्वर-४ (विजक नं.२६५,२६६, कर दर्ता नं.३००३५४३४६) औषधी खरिद गरेको देखियो । औषधी खरिदको सक्कल विल भरपाई र औषधीको जिन्सी दाखिला नभएकोले विल भरपाई र जिन्सी दाखिला सहितको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>४९९३२०.००</td></tr>
<tr><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ</td><td></td></tr>
<tr><td>६२.</td><td>रोजगार कार्यक्रम संचालनको लागि लाइफ ज्याकेट, हेलमेन्ट, पंजा, बुट र तयार कपडा ज्योति जेनरल औडर सप्लायर्स, जलेश्वर-५ ( विजक नं.१०, करदाता नं.६०८९०११३४) बाट रु.२४९,७३०।-को सामाग्री खरिद गरेको देखियो । उक्त सामाग्रीको वितरण गरेको खुल्ने तथा खर्च लख्ने आधार पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु.</td><td>२४९७३०.००</td></tr>
<tr><td></td><td>पशु सेवातर्फ :</td><td></td></tr>
<tr><td>६३.</td><td>३-०७६।१।२९ मा जनकपुर ट्रेडर्स, भानु चौक, जनकपुरधाम (३०४९६४३६५, विजक नं.४२१) बाट घाँस काट्ने मेसिन ३० थान रु.४५०,०००।-मा खरिद गरेको देखियो । उक्त मेसिनको जिन्सी दाखिला र वितरण भरपाई आदि प्रमाण पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु.</td><td>४५००००.००</td></tr>
<tr><td>६४.</td><td>४-०७६।३।२१ मा गुराँस भेट फर्मा, श्रीपुर-२, महोतरी (विजक नं.४२,४३ र ४४) बाट पशु औषधी खरिद रु.२४४,४८१।- खरिद गरेको देखियो । उक्त औषधीको जिन्सी दाखिला नभएको र वितरण गरेको भरपाई आदि कागजात पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु.</td><td>२४४४८१.००</td></tr>
<tr><td></td><td>युनिसेफ कार्यक्रमतर्फ</td><td></td></tr>
<tr><td>६५.</td><td>८-०७६।३।२५ मा सरसफाई पोशाक कोटेशन वेगर खरिद , जिन्सी दाखिला नभएको र वितरण गरेको विल भरपाई पेश भएको देखियो । जल्पा होजियरी, गौशाला महोतरी (६०७१५०९९१, विजक नं.२५) बाट सरसफाई पोशाक रु.३४७४७५।- खरिद गरेको देखिएको उक्त पोशाक वितरण गरेको विल भरपाई प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>३४७४७५.००</td></tr>
<tr><td></td><td>सशर्त अनुदान स्वास्थ्य तर्फ :</td><td></td></tr>
<tr><td>६६.</td><td>५३-०७५।१२।४ भ्रमण खर्च नियमवली, २०६४ को नियम ७ मा १५ किलोमीटर भित्रको कार्यक्रममा भ्रमण गर्दा वा अनुगमन गर्दा भ्रमण भत्ता वा अनुगमन भत्ता नपाउने व्यवस्था छ । एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम र क्षयरोग निबारण कार्यक्रमको गाँउपालिकाको ५ किलोमिटर भित्र अनुगमन गरे बापत निम्न पदाधिकारी तथा कर्मचारीलाई रु ८०००। नियमले नपाउने अनुगमन भत्ता तथा गाडी सुविधा र इन्धन खर्च सुविधा मासिक रुपमा लिएकोले यातायात खर्च दिन नमिल्ने हुँदा कर कट्टी बाहेक असुलउपर गर्नुपर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>नाम र पद</th><th>विवरण</th><th>भुक्तानी रकम(कर बाहेक)</th></tr>
<tr><td>१</td><td>गा.पा. अध्यक्ष रामछवीला साह</td><td>०७५।९।२० को अनुगमन</td><td>८५०.००</td></tr>
<tr><td>२</td><td>प्र.प्र.अ. शंभु ठाकुर</td><td>०७५।९।२० र ०७५।१०।२७र २८ गते अनुगमन</td><td>१७००.००</td></tr>
<tr><td>३</td><td>श्यामदेव महासेठ</td><td>०७५।९।२० देखि ०७५।११।२९ सम्म ४ पटक, यातायात खर्च रु ८००। समेत</td><td>४२००.००</td></tr>
<tr><td>४</td><td>ले.प. लक्ष्मेश्वर राय</td><td>०७५।९।२० र ०७५।११।२९ देखि ३० गते अनुगमन</td><td>१२५०.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८०००.००</td></tr>
</table></td><td>८०००.००</td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td>६७.</td><td>७५-०७५।३।२ बिद्यालयका किशोर किशोरीहरुको महिनेबारी स्वास्थ्य व्यवस्थापन गर्न ६ दिने अर्थमूखीकरण र स्यानेटरी प्याड बितरण गर्न स्वास्थ्य संयोजक श्यामदेव महासेठलाई रु २२५०००। पेश्की दिदा लागत अनुमान बिबरण स्वीकृत रु१००। मा खाजासेट प्राप्त हुनेमा नर्म्समा रहेको भनी रु २००। दरलेनै खर्च गरेको छन । व्यानर एउटा भए पनी हुनेमा ६ वटाको खर्च लेखेको देखिएकोले पेश्की दिंदा नर्म्स र बजार दर समेतलाई बिचार गरी कार्यक्रमको लागत बिबरण तयार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>७०.१</td><td>भ्रमण खर्च नियमावली, २०६४ को नियम ७मा गाँउपालिका देखि १५ किलोमिटर भन्दा बढी दुरीमा भ्रमण गर्नुपर्दा मात्र दैनिक भत्ता पाउने व्यवस्था छ । गाँउपालिका देखि ५ किलोमिटर भित्रको कार्यक्रममा अनुगमन भुक्तानी गरेको देखिएकोले कर कट्टी बाहेक असुलउपर गर्नुपर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>नाम र पद</th><th>बिवरण</th><th>भुक्तानी रकम(कर बाहेक)</th></tr>
<tr><td>१</td><td>गा.पा. अध्यक्ष रामछवीला साह</td><td>अनुगमन ७ पटक र यातायात खर्च रु १४००।समेत</td><td>६९५०.००</td></tr>
<tr><td>२</td><td>प्र.प्र.अ. प्रमोद कुमार ठाकुर</td><td>अनुगमन ६ पटक र यातायात खर्च रु १२००। समेत</td><td>६३००.००</td></tr>
<tr><td>३</td><td>उपाध्यक्ष महाजवी खातुन</td><td>अनुगमन भत्ता १ पटक निजले नबुझेको खर्च</td><td>१०५०.००</td></tr>
<tr><td>४</td><td>वडा अध्यक्ष ६ जना</td><td>६ पटक रु ६०००। र भाडा रु १२००। समेत</td><td>६१००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२०४००.००</td></tr>
</table></td><td>२०४००.००</td></tr>
<tr><td>६८.</td><td>कार्य सञ्चालन निर्देशिका, २०७३मा कार्यालयका कर्मचारीले तालिम तथा अभिमूखीकरण कार्यक्रममा कक्षा लिए बापत पारिश्रमिक नपाउने तर कार्यपत्र वापत रु ८००। दरले पारिश्रमिक पाउने व्यवस्था छ । ६ वडाका बिद्यालयहरुमा किशोरी महिनेवारी सम्बन्धी ६ वटा अभिमूखीकरणमा कार्यपत्र संलग्न नगरेको तर कक्षा वापत रु ७००। दरले महिला स्वयमसेविकाहरुको अभिमूखिकरण समेत ४८ कक्षाको स्वास्थय संयोजक श्यामदेव महासेठ र स्वास्थ्य सह संयोजक इब्राहिम नदाफलाई रु ३३६००। र इन्धन सुबिधा मासिक रुपमा पाईरहेकोमा रु २००। दरले निजहरुले गाडी भाडा बापत रु २८००। समेत रु ३६४००। भुक्तानी गरेको देखियो। कक्षा लिंदाको कार्यपत्र पेश गर्ने अन्यथा गाडी भाडा नपाउने रु २८००। समेत असुलउपर गर्नुपर्ने रु</td><td>३६४००.००</td></tr>
<tr><td></td><td>वित्तीय समानीकरण पुंजीगततर्फ</td><td></td></tr>
<tr><td>६९.</td><td>४-०७५।९।१३ वार्ड नं. २ सतार अंसारीको घर देखि कौशलम्पाको घर सम्मको योजनाको निमित पि.सि.सि.ढलान, बेला-२ (उ.स.अध्यक्ष श्री मो.फरमुद राइन) गिट्टी, बालुवा ढुवानी भाडा वापत रु.३५०००। भुक्तानी गरेको देखियो । लागत अनुमानमा दर विश्लेषण गर्दा ढुवानी भाडा सामावेश भएकोले थप ढुवानी भाडा दिन नमिल्ने भएकोले असुलउपर गर्नुपर्ने रु.</td><td>३५०००.००</td></tr>
<tr><td>७०.</td><td>३१-०७५।१२।०४ वार्ड नं.३ को भटौलिया पर्वारीटोलको शमसान घाट माटो पुर्ने कार्यमा वार्ड नं.३ वडा सचिव श्री कौशलेन्द्र कुमार कर्णलाई रु.९६२१२। भुक्तानी गरेको देखियो । माटोको जिल्ला दररेट रु.८७५। दरले ८७ टिपको रु.७६१२५।- भुक्तानी गर्नुपर्नेमा रु.११५०। का दरले रु.९६२१२।- भुक्तानी गरेकोले बढी रकम असुलउपर गर्नुपर्ने रु.</td><td>२००८७.००</td></tr>
<tr><td>७१.</td><td>६८-०७६।३।३१ कार्यालयले श्री ईन्जिनियर बर्क सापलाई गोनपुरा सेक्टरमा मर्मतको कार्य स्वरुप पेश गरेको निवेदन आधारमा बिल भरपाई बेगर रु.९७०००।- भुक्तानी गरेको छ । यसरी भुक्तानी गरेकोमा कुनै सम्झौता नभएको, बिल भरपाई संलग्न नरहेको, कार्यसम्पन्न मुल्याङ्न फारममा र</td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>नापी किताबमा पनि प्राविधिकको हस्ताक्षर नभएको देखिएकोले उक्त कार्य भएको छ भनी बिश्वस्त हुने आधार भएन । यसरी एउटा निवेदनको आधारमा मात्र भुक्तानी भएकोले अनुगमन गराई प्राविधिक मूल्याँकन र बिल भरपाई सहितको प्रमाण पेश गर्नुपर्ने रु</td><td>९७०००.००</td></tr>
<tr><td>७२.</td><td>७-०७५।९।१९ धर्मशाला भवन निर्माण कार्य गर्न उपभोक्ता समितिको अध्यक्ष श्री राज किशोर रायबाट ज्यामीले ज्यामी खर्च बुझेको देखियो । जिल्ला दररेट अनुसार दक्ष कमदारको ज्यामी खर्च प्रति ज्यामी रु.८५०। दरले भुक्तानी गर्नुपर्नेमा रु.१०५०। का दरले भुक्तानी गरेकोले बढी रकम सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>राज मिस्त्रीको नाम</th><th>काम गरेको दिन</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१.</td><td>मो.इसरफिल</td><td>१९</td><td>३८००.००</td></tr>
<tr><td>२.</td><td>रास बिहारी मंडल</td><td>१९</td><td>३८००.००</td></tr>
<tr><td>३.</td><td>नन्द किशोर ठाकुर</td><td>१९</td><td>३८००.००</td></tr>
<tr><td>४.</td><td>शिया मंडल</td><td>१९</td><td>३८००.००</td></tr>
<tr><td>५.</td><td>मो. सकिल मिस्त्री</td><td>१९</td><td>३८००.००</td></tr>
<tr><td>६.</td><td>मो. आसिक मिस्त्री</td><td>१९</td><td>३८००.००</td></tr>
<tr><td>७.</td><td>शिकिन्द्र महतो</td><td>१९</td><td>३८००.००</td></tr>
<tr><td>८.</td><td>विशेषवर मंडल</td><td>१९</td><td>३८००.००</td></tr>
<tr><td>९.</td><td>नागेन्द्र राम</td><td>१९</td><td>३८००.००</td></tr>
<tr><td>१०.</td><td>जय नारायण मंडल</td><td>१९</td><td>३८००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३८०००.००</td></tr>
</table></td><td>३८०००.००</td></tr>
<tr><td>७३.</td><td>घटी कर कट्टी : आयकर ऐन, २०५८ को दफा ८७ र ८८ मा रोजगारी बापतको पारिश्रमिक ज्याला रु. ४००,०००।०० सम्ममा १ प्रतिशत सामाजिक सुरक्षा कर, मालसामान खरिदको मू.अ.कर बिजकको भुक्तानीमा १.५ प्रतिशत र गिटी, ढुङ्गा, बालुवा, माटोको ढुवानीमा प्यान बिल भरपाई र डोजर एक्साभेटरको भाडामा १० प्रतिशत बहाल कर कट्टी गरी भुक्तानी गर्नु पर्दछ । पालिकाबाट निर्माण कार्य गराई ज्याला,ढुवानी भाडा, डोजर एक्साभेटरको भाडा र मालसामान खरिद गर्दा उल्लेखित व्यवस्था अनुसार रु ६७४८६.००कर लाग्नेमा रु३२२००.००मात्र कर कट्टी गरेको देखियो । नियमानुसार अग्रिम कर कट्टी नगरी घटी कर कट्टी गर्दा राजश्व प्राप्तिमा कमी हुन गई सरकारलाई बजेट तथा कार्यक्रम सञ्चालनमा असर पर्न सक्ने हुँदा कर कट्टीको व्यवस्था मिलाई छुट भएको कर असुलउपर गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भा.नं.</th><th>विवरण</th><th>लाग्ने कर</th><th>कर कट्टी</th><th>नपुग कर</th></tr>
<tr><td>६९-०७६/३/३१</td><td>वडा नं. ६ मा कोल्हुवा ब्रम्हस्थान निर्माण कार्य रु.६४६,३२७।५९ मध्ये उ.स.लाई रु.५८०,७८७। भुक्तानी गर्दा भ्याट विल रु.४१३४३४। मा गिटी बालुवा माटो र ढुवानी समेत रु.१४३५००। मा १० प्रतिशत र डोर हाजिरी रु.१४२२००। मा १ प्रतिशत कर लाग्ने</td><td>२०६३८.००</td><td>११०००.००</td><td>९६३८.००</td></tr>
<tr><td>१९-०७५/९/२९,<br><br>५७-०७६/३/३१</td><td>वडा नं.१ दुर्गा मन्दिर नजिक धर्मशाला निर्माण कार्य १३,५२,०४५।७० मध्ये उपभोक्ता समितिलाई अन्तिम विल रु.५,५७,१५०। समेत रु.९६९,९९४। भुक्तानी गर्दा बालुवा, गिटी, माटो, सेटरिड. रु.१००,०००। सिमेन्ट</td><td>४६८४८.००</td><td>२१२००.००</td><td>२५६४८.००</td></tr>
</table></td><td>३५२८६.००</td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td>२४१,०००। भाडा छड, ईटा, तार ( भ्याट विल) रु.७१५,०२५। र ज्यामी खर्च रु.३५२,६००। को विल पेश भएको</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६७४८६.००</td><td>३२२००.००</td><td>३५२८६.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७४.</td><td>३-०७५/९/१३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा मालसामान खरिद तथा निर्माण कार्यको भुक्तानीका लागि रनिङ बिल तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ.व.२०७४।७५ मा शुलभ शौचालय निर्माणका लागि ४८००। शौचालय रिङ र १२०० ढकन खरिद गर्न डि.के. कन्सट्रक्शन जलेश्वर-५ संग २०७५।३।१२ सम्ममा आपूर्ति गर्नुपर्ने गरी ०७४।१२।२१ गते रु.४०,५४,४४०। मा सम्झौता भएकोमा यस वर्ष ३८९६ रिङ रु.६००।- र ९७४ ढकन रु.५९१। दरले रु.३२,९०,८५३।- समेत रु.४०,५४,४००।- भुक्तानी गरेकोमा प्रयोग स्थान र लाभग्राही व्यक्ति टोल आदि स्पष्ट नगरी खरिदको विल अनुसारको कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखियो । व्यक्तिगत तथा सार्वजनिक शौचालय निर्माण गर्नुपर्नेमा व्यक्ति-व्यक्तिलाई शौचालयको रिङ तथा ढकन बुझाएको भरपाईका आधारमा खर्च लेखेकोले उक्त सामाग्री प्रयोग गरी कुन टोल र व्यक्तिले शुलभ शौचालय निर्माण गरेको प्राविधिक मूल्यांकन र अनुगमन गराई प्रमाण पेश गर्नुपर्ने रु.</td><td>४०५४४००.००</td></tr>
<tr><td>७५.</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको रनिङ विल वा अन्य विलको भुक्तानी गर्दा प्राविधिक मूल्यांकन, विल भरपाई तथा सम्झौता आदि पेश गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले निम्नानुसार निर्माण कार्यको निर्माण व्यवसायीलाई सम्झौता रकम भन्दा रु २२८९७.१६ बढी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी असुलउपर गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भा.नं.</th><th>विवरण</th><th>संझौता रकम</th><th>भुक्तानी रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>५-०७५/९/१३</td><td>ठेक्का नं.०५।०७४।७५ वडा नं.६ महरा टोल र गोनरपुरा टोलमा सडकमा पि.सि.सि. कार्यको लागि अन्ना साह कन्स्ट्रक्शन जे.भी.जलेश्वरलाई प्रथम तथा अन्तिम विल</td><td>२३४३४०४.००</td><td>२३४६२९९.००</td><td>२८९५.००</td></tr>
<tr><td>४७-०७६/३/२२</td><td>ठेक्का नं.५।०७५।७६ भटौलिया पूर्वारी मुसलमान टोलका सडक पि.सि.सि. ढलान कार्यको लागि बाबा निर्माण सेवा जलेश्वर-४ संझौता भन्दा बढी भुक्तानी</td><td>१७२१७४४.८४</td><td>१७४१७४७.८७</td><td>२०००२.१६</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td>२२८९७.१६</td></tr>
</table>
</td><td>२२८९७.१६</td></tr>
<tr><td>७६.</td><td>१२-०७५।९।२९ र ५७-०७६।३।३१ वडा नं.१ मा दुर्गा मन्दिर नजिक धर्मशाला निर्माण कार्यको लागत अनुमान रु.१३,४४,४७४।५९ मध्ये गाउँपालिकाबाट १०,००,०००। (कन्टिजेन्सि रु.३००००। समेत) र उपभोक्ता समितिबाट रु.३४४,४७५।५९ व्यहोर्ने गरी संझौता भएकोमा रु.१३५२०४५।७० मा कार्य सम्पन्न भई रु.९६९,९९४। भुक्तानी गरेको छ । उपभोक्ता समितिले जिल्लादर रेट बालुवाको रु.१६००। दरले४७.५ घ.मि.(१९ट्याकटर) को रु.७६०००।- माटोको रु.३५०।- दरले १६२.५ घ.मि.को ५६,८७५। र गिट्टी ४७.५ घ.मि.को रु.२१५०। का दरले रु.१०२,१२५। समेत रु.२३५०००। हुनेमा माटोको रु.४००। , बालुवाको रु.२४००। र गिटीको रु.३२००। प्रति घनमिटर दरले रु.३३१०००। को विल भरपाई पेश गरेको देखियो । जिल्ला दररेट भन्दा बढी दरले भुक्तानी गरेको रु.९६०००। को गाउँपालिका अनुदान ७२.१५ को रकम असुल उपर गर्नुपर्ने रु.</td><td>६९२६४.००</td></tr>
<tr><td>७७.</td><td>७०-०७६।३।३१ वडा नं. ३ का सडकमा माटो तथा ग्राभेलिङ कार्यको लागत अनुमान रु.१७४०, ००७।७६ मध्ये गाउँपालिकाबाट रु.१५,५२,०००।(८९.१९%) र उपभोक्ता समितिबाट रु.१८३००७।७६</td><td>२३८४०४.००</td></tr>
</table>

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| | व्याहोर्ने र कन्टिजेन्सि रु.४८,०००। कट्टा गर्ने सम्झौता गरेकोमा रु.१६९७,१६३।९६ मा कार्य सम्पन्न भई रु.१५,१३,७००। भुक्तानी गरेको छ । उपभोक्ता समितिले माटोको जिल्लादर रेट रु.३५०। रहेकोमा रु.४४०। (प्रति टेलर रु.११००) दरले ५४० घ.मि. (२१६टेलर) को रु.२३७६००। र ग्राभेलको जिल्लादर रु.१८००।- रहेकोमा रु.२१६०। ( प्रति टेलर) दरले ७४२.५ घ.मि. (२९७टेलर) को रु.१६०३,८००।- को विल पेश गरी जिल्ला दररेट भन्दा रु.२६७३००। रु.५४००। बढी दाबी गरेको देखियो । उपभोक्ता समितिलाई लागत अनुमानको परिमाण र दर अनुसार विल भरपाई लिर्नुपर्नेमा जिल्लादररेट भन्दा बढी दरले गा.पा. बाट ८९.१९ % ले बढी भुक्तानी गरेको रकम असुलउपर गर्नुपर्ने रु. | |
| ७८. | **मू.अ.कर कट्टी नगरेको** :आर्थिक अध्यादेश ऐन, २०७६ मा २०७६।२।१५ पछिको निर्माण कार्य, मालसामान खरिद, परामर्श सेवा खरिदको भुक्तानी गर्दा करार संभौता वमोजिमको विलमा समावेश मू.अ.करको ५०% कार्यालयले कट्टी गरी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार निर्माण कार्य, मालसामान तथा परामर्श सेवा कार्यको निर्माण व्यवसायी, परामर्शदाता फर्म । कम्पनीलाई विल रकम भुक्तानी गर्दा मू.अ.कर वापतको ५०% कट्टी नगरी भुक्तानी गरेको अनियमित देखियो । अत : विलमा समावेश मू.अ.कर दाखिला भएको कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु. | ५३३९१९.३३ |

| गो.भा.नं. | कामको विवरण | फर्मको नाम र प्यान नं. तथा विल नं. | भुक्तानी रकम | मू.अ.कर रकम |
|---|---|---|---|---|
| ६०-०७६/३/३१ | वडा नं.३ अजमपरपट्टी राजेन्द्र साहको घर देखि जलेश्वर मूलङ्गवा राडेसम्म पि.सि.सी ढलान कार्य | बाबा निर्माण सेवा, जलेश्वर-४, प्यान नं.३००७६९८५४ विल नं.१४, मिति ०७६।३।३१ | ९६६२७४.०० | १११६४.३० |
| ६३-०७६/३/३१ | वडा नं.१ ठेक्का नं. ७ खेहरु साहको घरदेखि पुलमन्ती स्थानसम्मको सडकमा पि.सि.सि. ढलान कार्य | रामलाला निर्माण सेवा | १९३२९६८.०० | २२२३७६.९६ |
| ४७-०७६/३/२२ | ठेक्का ५।०७५।७६ भटौलिया पूर्वारी भुसलमान टोलको सडकमा पि.सि.सि.ढलान कार्य | बाबा निर्माण सेवा, जलेश्वर-४ प्यान ३००७६९८५४ , विजक नं.१०, मिति ०७६।३।२४ | १७४१७४७.८७ | २००३७८.०७ |
| जम्मा | | | ४६४०९८९.८७ | ५३३९१९.३३ |

| सि.नं. | भौ.नं.,मिति र विवरण | रकम |
|---|---|---|
| ७८.१ | वित्तीय समानिकरण पूँजीगततर्फ कृषि प्रसार सेवा कार्यक्रमका लागि रु.४० लाख बजेट विनियोजन भएकोमा तरकारीको बीउ, मुँगको वीउ, धानको बीउ, कृषि चुन तथा बिषादी, औजार खरिद तथा वितरण र अगुवा कृषक तालिम सञ्चालन गरी रु.३३,६२,९३५। खर्च गरेको छ । उल्लेखित कार्यक्रम सञ्चालन गर्न प्रा.स. लक्ष्मेश्वर पाण्डेलाई पेश्की दिएकोमा पेश्की फछ्र्यौट गर्न पेश गरेको विल भरपाई परीक्षण गर्दा लौका, फर्सी, भिण्डी, काँको, बोडी र घिरौलाको बीउ प्रति प्याकेट रु.३००। दरले १४०० प्याकेट भुदेउ एग्रो ट्रेडिङ कर्न्सन जनकपुरबाट रु.४२०,०००। मा खरिद गरी किसानहरुलाई वितरण गर्न वडाध्यक्षलाई २०० प्याकेटका दरले र गा.पा.बाट २०० प्याकेट समेत १४०० पाकेट जिम्मा दिएकोमा निम्नानुसार जिम्मा लिएको मीनीकिट भन्दा घटी वितरण गरेको भरपाई पेश भएको छ । वडागत व्यवसायी तथा साधारण किसानको लगत संकलन गरी प्राविधिक कर्मचारीबाट वडाका जनप्रतिनिधिको रोहवरमा तरकारीको बीउ वितरण गर्नुपर्नेमा लागत संकलन नगरी वडाध्यक्षबाट वितरण गरेकोले पारदर्शी र नियमसंगतरुपमा कर्मचारीबाट वितरण गर्नु पर्दछ । वडाध्यक्ष तथा गा.पा. कर्मचारीले जिम्मा लिए भन्दा निम्नानुसार घटी बढी वितरणको भरपाई पेश गरेकोले खर्चको अनुगमन गराई वितरण नभएको बीउको खर्च असुलउपर गर्नुपर्ने रु. | ६३००.०० |

| वडाध्यक्ष | तरकारीको किट संख्या | वितरण मीनी किट | घटी बढी पाकेट | बढी खर्च रकम |
|---|---|---|---|---|

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>रैहान रेजा अंसारी</td><td>२००</td><td>२४५</td><td>४५</td><td>-</td></tr>
<tr><td>अजय कुमार यादव</td><td>२००</td><td>२१८</td><td>१८</td><td>-</td></tr>
<tr><td>राम विलास यादव</td><td>२००</td><td>१९८</td><td>(२)</td><td>६००.००</td></tr>
<tr><td>जिवछ प्रसाद यादव</td><td>२००</td><td>१९८</td><td>(३)</td><td>९००.००</td></tr>
<tr><td>सेराजुलद्दिन अंसारी</td><td>२००</td><td>२८७</td><td>८७</td><td>-</td></tr>
<tr><td>सुमन्त कुमार यादव</td><td>२००</td><td>१८४</td><td>(१६)</td><td>४८००.००</td></tr>
<tr><td>गाउँपालिका वितरण</td><td>२००</td><td>२०२</td><td>२</td><td>-</td></tr>
<tr><td>जम्मा</td><td>१४००</td><td>१५३१</td><td>१३१</td><td>६३००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७८.२</td><td>भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(३) मा वस वा अन्य सार्वजनिक यातायातको सुविधा भएको ठाउँमा एकै दिन गई फर्किने गरी काज खटी जाँने पदाधिकारी वा कर्मचारीले भ्रमण खर्च र दैनिक भत्ताको २५ % खाजा खर्च वापत पाउनेमा प्रा.स. लक्ष्मेश्वर पाण्डेलाई जनकपुर गई मिनिकिट खरिद गरेर एकै दिनमा फर्कन सकिनेमा ६ दिन काज खटाई रु.७०००। भ्रमण खर्च र २१७०। पेट्रोल खर्च समेत रु.९१७०। भुक्तानी गरेको देखियो । नियमानुसार २.२५ दिनको दैनिक भत्ता र बस तथा रिक्सा भाडा रु.५००। समेत रु.३२००। कट्टा गरी बढी भुक्तानी असुलउपर गर्नुपर्ने रु.</td><td>५९७०.००</td></tr>
<tr><td>७८.३</td><td>आयकार ऐन, २०५८ को दफा ८८ अनुसार रिजर्भ गाडी भाडामा १०% वहालकर कट्टा गर्नुपर्ने व्यवस्था छ । तरकारी मिनीकिट लगायत सामाग्री खरिद वापत रु.१०,०००। गाडी भाडा भुक्तानी गर्दा १०% वहालकर कट्टी गरेको नदेखिएकोले छुट कर असुलउपर गर्नुपर्ने रु.</td><td>१०००.००</td></tr>
<tr><td>७८.४</td><td>कार्य सञ्चालन निर्देशिका, २०७३ को तालिम गोष्ठी सेमिनार कार्यशाला सम्बन्धी खर्चको मापदण्डको सि.नं. ४ को अन्य तालिमको गाउँस्तरको तालिममा प्रशिक्षकको रु. ६००। र कार्यपत्र वापत रु.७००। पाउने तर आन्तरिक प्रशिक्षकले कक्षा वापत पारिश्रमिक नपाउने व्यवस्था छ । अगुवा कृषकको २०७५।१०।२९ देखि ०७५।११।२ सम्मको तालिममा ४ जना प्रशिक्षकलाई १२ कक्षाको ८००। दरले ९६००। र कार्यपत्र वापत रु.७००। दरले रु.८४००। भुक्तानी गरेको देखियो । नर्म्स भन्दा ३ प्रशिक्षकलाई १२ कक्षाको प्रशिक्षक वापत २४००। र प्रा.स लक्ष्मेश्वर पाण्डेलाई प्रशिक्षण भत्ता रु.४८००।०० दिन नमिल्ने हुँदा करकट्टी बाहेक असुलउपर गर्नुपर्ने रु.</td><td>६१२०.००</td></tr>
<tr><td>७८.५</td><td>भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(८) मा गाउँपालिका क्षेत्रबाट १५ किलोमिटर भन्दा बढी दुरी भएको स्थानमा अनुगमन वा भ्रमण गर्दा दैनिक भत्ता र भ्रमण खर्च पाउने व्यवस्था छ । गाउँपालिका भित्रको क्षेत्र १५ किलोमिटर भन्दा कम दुरी रहेको र कर्मचारीलाई इन्धन भत्ता तथा पदाधिकारीलाई सवारी साधन र इन्धन खर्च मासिकरुपमा दिने गरेकोमा तालिम, गोष्ठी वा अन्य कार्यकमको अनुगमन गरेको भनी गा.पा. अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कर्मचारीहरु धेरै जनाले निम्नासार जनप्रतिनिधिलाई रु.२८०५०। भुक्तानी गरेको देखियो । गा.पा. भित्र अनुगमन गरेको कर्मचारी र जनप्रतिनिधिलाई भत्ता दिने नमिल्ने हुँदा असुलउपर गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भा.नं.</th><th>कार्यक्रम विवरण</th><th>भुक्तानी(कर बाहेक)</th></tr>
<tr><td>३-०७५/१०/२९</td><td>अगुवा कृषक तालिम र तरकारी विउ वितरणको अनुगमन भत्ता ९ जनालाइ रु. ९०००।०० भुक्तानी</td><td>७६५०.००</td></tr>
<tr><td>४-०७६/१/४</td><td>मुगको वीउ वितरण १२ जनालाई अनुगमन भत्ता भुक्तानी रु.१२०००।</td><td>१०२००.००</td></tr>
<tr><td>७-०७६/३/२४</td><td>अगुवा कृषक, जनप्रतिनिधि र कर्मचारीहरुको गोष्ठी( ०७६।३।२० सम्म ३ दिनको)१२ जनालाई अनुगमन भत्ता रु.१२०००।</td><td>१०२००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२८०५०.००</td></tr>
</table>
</td><td>२८०५०.००</td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td>७८.६</td><td>४-०७६।१।४ प्रा.स. लक्ष्मेश्वर पाण्डेले मुगको बीउ खरिद तथा वितरण गर्न लिएको पेश्की रु.५००,०००। फछ्र्यौट गर्न १००० के.जी. (क्वीन्टल) रु.४२५। दरले ४२५०००। प्याकिङ खर्च रु.२०,०००। ढुवानी खर्च रु.३८०००। अनुगमन भत्ता रु.१२०००। र भ्रमण खर्च रु.५०००। को विल भरपाई पेश गरेको छ । भुदेउ एग्रो ट्रेडिङ कन्सर्न जनकपुरधामबाट मुगको बीउ के.जि. को रु.४२५। दरले सोझै खरिद गरेकोमा उक्त मूल्य पर्ने आधार स्पष्ट नभएको र उन्नत जातको बीउको दर सस्तो पर्नेमा अत्याधिक मूल्यमा खरिद गर्नुपर्ने पुष्ट्याई आधार पेश भएको छैन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ वमोजिम रु.२० लाखसम्मको शिलबन्दी दरभाउपत्रबाट तरकारीको बीउ धानको बीउ, मुगको बीउ, चुना, भिटामिन तथा विषादी, औजार खरिद गर्नुपर्नेमा ३ खुला दरभाउपत्रबाट खरिद गरेकोले प्रतिशपर्धा गराई नियमसंगत, प्रतिस्पर्धी र पारदर्शिरुपमा खरिद गर्न ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७८.७</td><td>आयकर ऐन, २०५८ को दफा ८८ वमोजिम रिजर्भ गाडी भाडामा १०% कर कट्टी गर्नुपर्नेमा १० क्वीन्टल मुगको बीउ ढुवानी गरेको भाडा रु.३८०००। मा कर कट्टी गरेको देखिएन । ऐनको व्यवस्था अनुसार कर कट्टी नगरेको रकम असुलउपर गर्नुपर्ने रु.</td><td>३८००.००</td></tr>
<tr><td>७८.८</td><td>मुगको बीउ वितरण गर्न ६ वडाका अध्यक्षलाई ७१० के.जी. र गा.पा.का कर्मचारीलाई २९० के.जी. बुझाएकोमा निम्नानुसार घटी बढीको भरपाई पेश भएको छ । खर्च परिमाण भन्दा घटी बढी बुझाएको सम्बन्धमा अनुगमन गराई खर्च नभएको बीउको रकम असुलउपर गर्नुपर्ने रु.
<table>
<tr><th>मुँगाको बीउ बुझ्ने व्यक्ति</th><th>जिम्मा लिएको बीउ परिमाण(के.जी)</th><th>बुझाएको भरपाई परिमाण</th><th>घटी । बढी परिमाण</th><th>बढी खर्च रकम</th></tr>
<tr><td>वडा नं.१ वडाध्यक्ष रैहान रेजा अंसारी</td><td>१२०</td><td>११५</td><td>५</td><td>२१२५.००</td></tr>
<tr><td>वडा नं.२ वडाध्यक्ष अजय कुमार यादव</td><td>१००</td><td>२१२</td><td>( ११२)</td><td>०.००</td></tr>
<tr><td>वडा नं.३ वडाध्यक्ष रामविलास राय</td><td>१००</td><td>-</td><td>-</td><td>०.००</td></tr>
<tr><td>वडा नं.४वडाध्यक्ष जिवछ प्रसाद यादव</td><td>१८०</td><td>१४४</td><td>३६</td><td>१५३००.००</td></tr>
<tr><td>वडा नं.५ वडाध्यक्ष सेराजुद्दिन अंसारी</td><td>१००</td><td>१५४</td><td>( ५४)</td><td>०.००</td></tr>
<tr><td>वडा नं.६ वडाध्यक्ष सुमन्त कुमार राय</td><td>११०</td><td>१३०</td><td>( २०)</td><td>०.००</td></tr>
<tr><td>गाउँपालिकाबाट वितरण</td><td>२९०</td><td>२४७.५</td><td>४२.५०</td><td>१८०६२.५०</td></tr>
<tr><td>जम्मा</td><td>१०००.००</td><td>१००२.५</td><td></td><td>३५४८७.५</td></tr>
</table></td><td>३५४८७.५</td></tr>
<tr><td>७८.९</td><td>वडा नं.३ मा गाउँपालिकातर्फबाट गा.पा. उपाध्यक्षले १२९ के.जी. मुगको बीउ वितरण गरेकोमा वडाध्यक्ष राम विलास रायले बुझेको १०० के.जी. को वितरण भरपाई पेश भएको छैन । किसानलाई वितरण गरे नगरेको अनुगमन गराई खर्चको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>४२५००.००</td></tr>
<tr><td>७८.१०</td><td>कार्य सञ्चालन ऐन, २०७३ को सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशालाको खर्चको मापदण्ड सम्बन्धी सि.नं.४ को गाउँस्तरको अन्य तालिममा प्रशिक्षकलाई प्रति कक्षाका रु.६००। र कार्यपत्र वापत रु.७००। पाउने तर आन्तरिक प्रशिक्षकले प्रशिक्षणको पारिश्रमिक नपाउने व्यवस्था छ । प्रा.स. लक्ष्मेश्वर पाण्डेलाई ६ वडाको वडास्तरीय अगुवा कृषक तालिममा प्रशिक्षक वापत ८००। दरले ९६००। र कार्यपत्र वापत ८४००। भुक्तानी गरेको देखियो । कर्मचारीलाई कार्यालयको काम सम्बन्धी विषयमा प्रशिक्षक भत्ता दिन नमिल्ने हुँदा कर कट्टी बाहेक असुलउपर गर्नुपर्ने रु.</td><td>८१६०.००</td></tr>
<tr><td>७८.११</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा विल भरपाई रीतपूर्वक रहे नरहेको जाँच गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कृषकलाई वितरण गर्न खरिद गरेको धानको बीउ र कृषि चुन वडाध्यक्षलाई बुझाएको भरपाई र खरिद विलका आधारमा रु.८६९२४३। खर्च लेखेकोमा वितरण भरपाई पेश हुन आएन । सेवाग्राही कृषकलाई बुझाएको वितरण भरपाई पेश गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भा.नं.</th><th>सामाग्री विवरण</th><th>खर्च रकम</th></tr>
</table></td><td>८६९२४३.००</td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>८-०७६/३/२५</td><td>हलेसी कृषि सहकारी संस्थाबाट बासमती धान ३३५ के.जी. रु.२५० । दरले, कतरर्नी धान८०० के.जी. रु.२३०। प्रति के.जी. दरले र राजेन्द्र धान ११ के.जी. ८०० रु.२१० दरले जम्मा २१३५ केजी</td><td>४६९२५०.००</td></tr>
<tr><td>१२-०७६/३/३१</td><td>महारानी जनरल अर्डर स्टोर्स सप्लायर्स जलेश्वरबाट ०७६।३।२४ मा खरिद कृषि चुन १७३९ के.जी. रु.२३ दरले वडा नं.१ रैहान रेजा अंसारी २५०० के.जी.<br>२ वडा सचिव लाल बहादुर ठाकुर २००० के.जी.<br>वडा नं.३ वडाध्यक्ष रामविलास राय २५०० के.जी.<br>वडा नं.४ वडाध्यक्ष जिवछ प्रसाद यादव २००० के.जी<br>वडा नं.५ वडाध्यक्ष सेराजुद्दीन अंसारी २५०० के.जी.<br>वडा नं.६ वडा सचिव गोनु मण्डल २५०० के.जी<br>बाँकी गा.पा. कार्यालय ३३९१ के.जी.</td><td>३९९९९३.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८६९२४३.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७८.१२</td><td>साविक कृषि विकास कार्यालय र अन्य स्थानीय तहले धानको बीउ, कृषि चुना, कृषि औजार तथा इक्विपमेन्ट खरिदमा ७५% अनुदान दिने र २५% लागत रकम प्राप्त गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्ने गरेकोमा यस गाउँपालिकाले कृषकबाट २५% लागत प्राप्त नगरी धानको बीउ र कृषि चुन खरिदको बिल अनुसार रु.८६९,२४३। खर्च लेखेको देखियो । कृषिकको लागत सहभागीता २५% रकम प्राप्त नभएकोले उक्त रकम असुलउपर गर्नुपर्दछ रु.</td><td>२१७३१०.७५</td></tr>
<tr><td>७८.१३</td><td>९-०७६।३।३१ र १० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ निर्माण कार्यको प्राविधिक मूल्यांकन र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले कृषकलाई क्प्टन बाटर पम्प वितरण गर्न जोशी सप्लायर्स, बर्दिवासबाट १७ थान रु.४३३,४९२।८६ र सोको जडान गर्न सेक्शन पाईप ३२० फिट , डेलिभरी पाईप ४ ईन्चको २२४ के.जी. र फुट बल्व रु.१४१,१५०।५६ समेत रु.५७४,६४३।४२ का सामान जडान स्थान खुलाई प्राविधिक मूल्यंकन वेगर खरिद विलको आधारमा खर्च लेखेको देखियो । उक्त कार्यको सुनिश्चितता र खर्च मापन गर्ने आधार नभएकोले प्राविधिक मूल्यांकन र अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>५७४६४३.४२</td></tr>
<tr><td>७८.१४</td><td>उल्लेखित बाटर पम्पको खरिद मूल्य रु.५७४६४३।४२ को २५% लागत सहभागिता रकम अनुदान लिने कृषकबाट प्राप्त गरी सञ्चितकोषमा दाखिला गरेको नदेखिएकोले असुलउपर गर्नुपर्दछ रु.</td><td>१४३६६०.८५</td></tr>
<tr><td>७८.१५</td><td>११-०७६।३।३१ वजेट तथा कार्यकम अनुसार निर्धारित उद्देश्य प्राप्त हुने गरी सम्बन्धित वर्षमा सेवाग्राहीलाई वस्तु तथा सेवा उपलब्ध गाराउनुपर्नेमा कृषकबाट २५% लागत सहभागिता प्राप्त नभएको भनी रु.१६१,१००। का १२ वटा गटौर र रु.८२,९५०। का २१ थान नेपसेक स्प्रे समेत रु.१९९,०५०। मा खरिद गरी मौज्दात राखेको देखियो । वितरण हुन बाँकी औजारको २५% लागत सहभागीता रु.४९,७६२।५० असुलउपर गरी सामाग्री वितरण भएको आधार प्रमाण पेश गर्नुपर्ने रु.</td><td>२४८८१२.५०</td></tr>
<tr><td>७८.१६</td><td>१३-०७६।३।३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा विल भरपाई जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । यस भौचरबाट कृषि चुन, मोटर पाईप तथा कृषि औजार ढुवानी वापत रु.४०,०००। खर्च लेखेकोमा रु.३७,९२०। को मात्र विल भरपाई रहेकोले बढी खर्च असुलउपर गर्नुपर्ने रु.</td><td>२०८०.००</td></tr>
<tr><td></td><td>राजश्व बाँडफाँड चालु खर्च</td><td></td></tr>
<tr><td>७९.</td><td>पारिश्रमिक कर : आयकर ऐन,२०५८ बमोजिम पारिश्रमिक , भत्ता , सुविधा रकम जुन वर्षमा प्राप्त भएको छ नगद प्राप्तिको आधारमा दफा ८७ बमोजिम छुट पाउने रकम छुट गरी कर कट्टा गरी भुक्तानी गर्नु पर्दछ । गाँउपालिका को पदाधिकारीलाई आ.व. २०७४।०७५ र २०७५।०७६ को सुविधा रकम यस बर्ष भुक्तानी गरेकोमा परिवारिक छुट , बीमा, ना.ला.कोष लगायत छुट हुने रकम कट्टा गरी हुने रकममा पारिश्रमिक कर कट्टी गर्नुपर्नेमा १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टी गरेको</td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.,मिति र विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>देखियो । ऐन नियम बमोजिम निम्नानुसार छुट भएको पारिश्रमिक कर रु.१०४०१३.५असुलउपर गर्नुपर्ने रु
<table>
